# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## ग्रामथान गाउँपालिका

### मोरङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## ग्रामथान गाउँपालिका

### मोरङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## ग्रामथान गाउँपालिका

### मोरङ

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेकोलगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एवं सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
**कोशी प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. ९८ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
ग्रामथान गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
मोरङ ।

**कैफियतसहितको राय**

हामीले ग्रामथान गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.२ करोड २१ लाख ४० हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.११ लाख २३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५४ लाख ६६ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ५५ लाख १ हजार र पेश्की रु.५० हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.३ करोड ८८ लाख ७४ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.५ करोड ७७ लाख ११ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्‌मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

ग्रामथान गाउँपालिका, मोरङ

## १. चालु वर्षको बेरुजु २०७८।७९
### बेरुजु बर्गीकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्योट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४१ | ११२ | २२१४० | ० | ० | ० | ४१ | ११२ | २२१४० | ११२३ | १५५०१ | ५४६६ | ० | ० | २०९६७ | ५० |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्र्योट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मोरङ | ३८८७४ | ० | ३३०३ | ३५५७१ | ० | २२१४० | ५७७११ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : ग्रामथान गाउँपालिका, मोरङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मनोज कुमार साह | २०७९-१-४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | गणेश बहादुर कर्की | २०७७-१२-२२ | २०७९-१-३ |
| लेखा प्रमुख | निलेश सापकोटा | २०७५-१२-१३ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २२,१३९,९८५.९९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १२,४७,३५,८४७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३६,०५,५०,७६६.३२ | **चालु खर्च** | ३४,१७,०१,७०७.०८ |
| **प्रदेश सरकारबाट अनुदान** | १,७०,८६,७५२.७८ | **पूँजीगत खर्च** | १३,०९,६९,८०२.६२ |
| **राजश्व बाँडफाँट** | ७,८३,६२,१०५.६५ | **वित्तीय/अन्य व्यवस्था** | १२,२४,३७,०३६.५६ |
| **आन्तरिक आय** | २,७४,१५,१३०.२७ | | |
| **अन्य आय** | १४,३५,२८,४६५.५६ | | |
| **कुल आय** | ६२,६९,४३,२२०.५८ | **कुल खर्च** | ५९,५१,०८,५४६.२६ |
| **बाँकी मौज्दात** | | १५,६५,७०,५२१.३२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः**<br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा, ७१.१४ वर्ग किलोमिटर क्षेत्रफल तथा ३७१३६ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षणः**<br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुलीः**<br>लेखापरीक्षणको क्रममा कट्टा गर्न बाँकी कर रु.११२५०/- असुली भई संघीय संचितकोषमा र पेश्की फछ्र्यौट गर्दा घटी फिर्ता रकम रु.५३२००/- स्थानिय सञ्चित कोष दाखिला भएको छ । | |
| ४ | | | **वित्तीय विवरणः**<br>गाउँपालिकालाई एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको नेपाल सार्वजनिक लेखामान (NPSAS) बमोजिमका | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | फारमहरु सहितको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७२) उपलब्ध गराउन माँग गरिएकोमा सो अनुसारको विवरण प्राप्त भएको छ । सो अनुसार गाउँपालिकाको यस वर्षको आय व्यय विवरण निम्नानुसार रहेको छः | |

| आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१ - २०७९/०३/३२ | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाब | | | | | | | | | |
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५५,१६,१७,१८४.७४ | ५१,४६,४३,५८५.५८ | | ५१,४६,४३,५८५.५८ | ४७,५२,७५,९२०.९९ | | ४७,५२,७५,९२०.९९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५२,८७,६९,०७१.०० | ५१,१५,५२,९५१.४२ | ० | ५१,१५,५२,९५१.४२ | ४७,१८,३२,२२१.६० | ० | ४७,१८,३२,२२१.६० |
| ११००० कर | ११ | ८,२५,०९,४४०.०० | १०,८७,६०,११४.६७ | ० | १०,८७,६०,११४.६७ | ९,१४,८२,०८८.०६ | ० | ९,१४,८२,०८८.०६ |
| १३००० अनुदान | | ४१,८३,७३,०००.०० | ३७,९२,३७,५१९.१० | ० | ३७,९२,३७,५१९.१० | ३७,४५,८८,८१०.०० | ० | ३७,४५,८८,८१०.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय सरकार | १२ | ३८,९५,४४,०००.०० | ३६,०५,५०,७६६.३२ | ० | ३६,०५,५०,७६६.३२ | ३५,६५,९३,८१०.०० | ० | ३५,६५,९३,८१०.०० |
| प्रदेश सरकार | १२ | २,६३,२९,०००.०० | १,७०,८६,७५२.७८ | ० | १,७०,८६,७५२.७८ | १,७२,९५,०००.०० | ० | १,७२,९५,०००.०० |
| अन्तरिक श्रोत | | १८,००,०००.०० | ९,००,०००.०० | ० | ९,००,०००.०० | ० | ० | ० |
| जनसहभागिता | | ७,००,०००.०० | ७,००,०००.०० | ० | ७,००,०००.०० | ७,००,०००.०० | ० | ७,००,०००.०० |
| १४००० अन्य राजस्व | | २,७८,३६,६३१.०० | २,३५,५५,३१७.६५ | ० | २,३५,५५,३१७.६५ | ५७,६१,३२३.५४ | ० | ५७,६१,३२३.५४ |
| १५००० विविध प्राप्ति | | ५०,०००.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | २,२८,४८,११३.७४ | ३०,९०,६३४.१६ | | ३०,९०,६३४.१६ | ३४,४३,६९९.३९ | | ३४,४३,६९९.३९ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | २,२८,४८,११३.७४ | ० | ० | ० | ० | ० | ० |
| धरौटी | | ० | ३०,९०,६३४.१६ | ० | ३०,९०,६३४.१६ | ३४,४३,६९९.३९ | ० | ३४,४३,६९९.३९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६२,३६,१७,१८४.७४ | ४८,२८,०८,९११.२६ | | ४८,२८,०८,९११.२६ | ४५,३२,२१,१२५.६१ | | ४५,३२,२१,१२५.६१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६०,०७,६९,०७१.०० | ४७,२६,७१,५०९.७० | | ४७,२६,७१,५०९.७० | ४३,९३,४०,६१५.८८ | | ४३,९३,४०,६१५.८८ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ४,६०,३१,२१०.०० | ३,८६,८०,१४१.६८ | ० | ३,८६,८०,१४१.६८ | ३,०६,८२,३९७.७८ | ० | ३,०६,८२,३९७.७८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १५,३०,०९,८१४.२७ | १२,३५,८८,६४९.२२ | ० | १२,३५,८८,६४९.२२ | ९,९७,६८,८९२.५० | ० | ९,९७,६८,८९२.५० |
| २५००० सहायता | १८ | १८,४१,७३,०००.०० | १७,७४,९३,२००.१८ | ० | १७,७४,९३,२००.१८ | १५,७१,०४,१८९.९३ | ० | १५,७१,०४,१८९.९३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see nested table below) | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| (Subsidy) | | | | | | | | |
| २७००० सामाजिक सुरक्षा | १८ | ८०,४२,०००.०० | ९,५३,४१६.०० | ० | ९,५३,४१६.०० | १,००,७७,४००.०० | ० | १,००,७७,४००.०० |
| २८००० अन्य खर्च | १८ | १३,०५,४४०.०० | ९,८६,३००.०० | ० | ९,८६,३००.०० | ९,५७,३००.०० | ० | ९,५७,३००.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २०,८२,०७,६०६.७३ | १३,०९,६९,८०२.६२ | ० | १३,०९,६९,८०२.६२ | १४,०७,५०,४३५.६७ | ० | १४,०७,५०,४३५.६७ |
| घ. अन्य भूक्तानी | | २,२८,४८,११३.७४ | १,०१,३७,४०१.५६ | | १,०१,३७,४०१.५६ | ४५,३२,२१,१२५.६१ | | ४५,३२,२१,१२५.६१ |
| कोषहरु | | २,२८,४८,११३.७४ | ७२,८३,४३०.१४ | ० | ७२,८३,४३०.१४ | १,०४,१०,१६६.४३ | ० | १,०४,१०,१६६.४३ |
| धरौटी | | ० | २८,५३,९७१.४२ | ० | २८,५३,९७१.४२ | ३४,७०,३४३.३० | ० | ३४,७०,३४३.३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (७,२०,००,०००.००) | ३,१८,३४,६७४.३२ | | ३,१८,३४,६७४.३२ | २,२०,५४,७९५.३८ | | २,२०,५४,७९५.३८ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १२,४७,३५,८४७.०० | | १२,४७,३५,८४७.०० | ११,०२,४६,२५३.४५ | | ११,०२,४६,२५३.४५ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (७,२०,००,०००.००) | १५,६५,७०,५२१.३२ | | १५,६५,७०,५२१.३२ | १३,२३,०१,०४८.८३ | | १३,२३,०१,०४८.८३ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | १५,६५,७०,५२१.३२ | | १५,६५,७०,५२१.३२ | ११,३१,७०,५६९.०० | | ११,३१,७०,५६९.०० |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>वित्तीय विवरणको यथार्थताः<br>पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१११६२६७१०/- र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.६७२९२५/- समेत गरी रु.११२२९९६३५/- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>बैंक हिसाब मिलान विवरणः<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण बैंक खातामा स्रेस्ता भन्दा रु. ३८५४६६७५/९० बढी देखिएको छ । बैंक हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><td>बैंकको नाम</td><td>खाता नं</td><td>खाताको प्रकार</td><td>खाता अनुसार बाकी रु</td><td>बैंक अनुसार बाकी रु</td></tr>
<tr><td>एन आई सि एशिया बैंक लि.</td><td>०६९२०५०००५८३६००७</td><td>ग १.१, आन्तरिक राजस्व खाता</td><td>०</td><td>०</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| एन आई सि एशिया बैंक लि. | ०६९२०५०००५८३६०१० | ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | १,४५,५९६.४५ |
| एन आई सि एशिया बैंक लि. | ०६९२०५०००५८३६००८ | ग १.३, आन्तरिक अनुदान खाता | ० | ० |
| एन आई सि एशिया बैंक लि. | ६९४१०००५८३६५२४०२ | ग २.१, चालू खर्च खाता- विजोर वर्ष | ० | ४,८९,१४,३५४.२१ |
| एन आई सि एशिया बैंक लि. | ६९४१०००५८३६५२४०४ | ग २.३, पूँजिगत खर्च खाता- विजोर वर्ष | ० | ३,५७,६४,३४९.३८ |
| एन आई सि एशिया बैंक लि. | ६९४१०००५८३६५२४०३ | ग ३.१, स्थानीय तह धरौटी खाता | ६१,२३,३०८.८५ | ६१,४४,१०८.८५ |
| एन आई सि एशिया बैंक लि. | ६९४१०००५८३६५२४०६ | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | १३,४८,८२,५२८.८७ | ८,८५,८४,१०४.७३ |
| एन आई सि एशिया बैंक लि. | ०६९२०५०००५८३६०१५ | ग ५.१, स्थानीय तह विविध कोष खाता | ७२,१५,८२५.८० | ७२,१५,८२५.८० |
| एन आई सि एशिया बैंक लि. | ६९४१०००५८३६५२४०५ | ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ० | ० |
| एन आई सि एशिया बैंक लि. | ०६९२०५०००५८३६०१४ | ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ८३,४८,८५७.८० | ८३,४८,८५७.८० |
| जम्मा | | | १५,६५,७०,५२१.३२ | १९,५१,१७,१९७.२२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **बजेट पेश,पारीत र अख्तियारीः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री फूलकुमारी चौधरीले २०७८।०३।१० गते रु. ५१ करोड ०२ लाख ५८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।०३।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका अध्यक्षले २०७८।०४।०३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ८ | | | **स्थानीय योजना तथा कार्यक्रमः**<br>गाउँको सामाजिक, आर्थिक, सांस्कृतिक, मानवीय लगायत समग्र विकासका लागि उपलब्ध सीमित स्रोत साधनको उचित बाँडफाँड गरी अपेक्षित रूपमा प्रतिफल प्राप्त गर्न पालिकाले वार्षिक विकास योजना तर्जुमा गर्नु पर्दछ । यस्तो योजनामा गाउँको समग्र विकासका लागि दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, प्राथमिकता तथा विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, प्राथमिकता, कार्यक्रम र अपेक्षित प्रतिफल स्पष्ट रूपमा उल्लेख गर्नु पर्दछ । जसले उत्पादनका साधनहरूलाई कम प्राथमिकता प्राप्त क्षेत्रबाट बढी प्राथमिकता प्राप्त क्षेत्रमा र कम उत्पादनशील क्षेत्रबाट बढी उत्पादनशील क्षेत्रमा प्रवाह गरी अधिकतम प्रतिफल प्राप्त गर्ने गरी विकास गतिविधिहरूलाई नियोजित तवरले दिशानिर्देश गर्दछ । पालिकाले वार्षिक रूपमा प्राप्त गर्ने भनी अनुमान गरेको सम्भावित स्रोतलाई कृयाकलापगत रूपमा बाँडफाँड गरी गाउँ सभाबाट स्वीकृत गराउने गरेको भएतापनि त्यसको कार्यान्वयनका लागि विकास योजनाको रूपमा रूपान्तरण गर्ने गरेको छैन । वार्षिक बजेट तथा कार्यक्रमलाई वार्षिक गाउँ विकास योजनाको दस्तावेजको रूपमा तयार गर्ने र सोही अनुरूप कार्यान्वयन एवं समिक्षा गर्ने गर्नु पर्दछ । | |
| ९ | | | **बजेट तथा कार्यक्रमको प्राथमिकीकरणः**<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नअनुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल २५६ योजनामा वजेट विनियोजन गरेको छ।<br><table><tr><td>क्र. सं.</td><td>योजना सङ्ख्या</td><td>रु.२० लाखमाथिका योजना सङ्ख्या</td><td>रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या</td><td>रु.५लाखभन्दा कमका योजना सङ्ख्या</td></tr><tr><td>१</td><td>२५६</td><td>१०</td><td>२९</td><td>२१७</td></tr></table>उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । | |
| १० | | | **दिगो विकासका लक्ष्यहरुको आन्तरिकीकरणः**<br>दिगो विकास अवधारणा अन्तर्गत तय भएका लक्ष्यहरू (१७ लक्ष्य, १६९ परिमाणात्मक लक्ष्य र २४४ सूचकहरू) प्राप्तिका लागि नेपालका तीनै तहका सरकार समान रूपले जिम्मेवार छन् । यस पालिकाले तयार गरेको आवधिक विकास योजनामा समेत दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रतिबद्धता जाहेर गरेको छ । पालिकाले आवधिक योजना तयार गरेको देखिएन । वार्षिक बजेट र संचालन गरिने कृयाकलापहरुलाई दिगो विकास लक्ष्य प्राप्ति तर्फ केन्द्रित गर्नका लागि यसका सूचकहरूलाई स्थानीयकरण गर्नुपर्ने हुन्छ । दिगो विकासका लक्ष्यहरू आन्तरिकीकरण नगरी योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूमा योगदान पुग्ने कार्यक्रमहरू तर्जुमा नहुन सक्ने जोखिम रहने भएकोले पालिकाले दिगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण गरी दिगो विकासका मध्यम कालीन लक्ष्य निर्धारण गर्ने र सो बमोजिम भएको प्रगतिको मूल्यांकन गर्ने गर्नु पर्दछ । | |
| ११ | | | **चौमासिक पूँजीगत खर्चः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र दफा ७६(५) मा पालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम चौमासिक प्रगति विवरण तयार गरि सम्बन्धित निकायमा पेश गरेतापनि गाउँकार्यपालिकाको बैठकमा पेश गरेको देखिएन। कार्यालयको पूँजीगत खर्च विश्लेषण गर्दा प्रथम चौमासिकमा ०.९१ प्रतिशत, दोस्रो चौमासिकमा २६ प्रतिशत, तेस्रो चौमासिकमा ७३.०९ प्रतिशत र असार महिनामा ४२.५० प्रतिशत खर्च गरेको देखिन्छ । चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पन्न नगरी वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले असारमा अत्यधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्न चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन गरिनु पर्दछ । साथै चौमासिक खर्चको प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा तोकिएको समयभित्र पेश गर्नुपर्दछ । | |

| शीर्षक | कुल खर्च (रु.हजार) | प्रथम चौमासिक (रु.हजार) | दोस्रो चौमासिक(रु.हजार) | तेस्रो चौमासिक(रु.हजार) | आषाढ (रु.हजार) |
|---|---|---|---|---|---|
| गाउँपालिका | ९०१४६ | ११९१ | २८२६७ | ६०६८८ | २६५८० |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | ३२३८६ | ० | ५७७८ | २६६०८ | २३५१० |
| प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | ८४३८ | ० | ० | ८४३८ | ५५६८ |
| जम्मा | १३०९७० | ११९१ | ३४०४५ | ९५७३४ | ५५६५८ |
| प्रतिशत | १०० | ०.९१ | २६ | ७३.०९ | ४२.५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल वमोजिम रहेका छन्ः<br>• कार्यालयको श्रेस्ता र बैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको,<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत नगरेको,<br>• रसिद नियन्त्रण खाता नराखेको,<br>• सहकारी संस्थाको तथ्यांक अद्यावधिक नगरेको,<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा नगरेको,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको,<br>• स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,<br>• वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार नगरेको,<br>• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको,<br>• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार नगरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने नगरेको,<br>• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,<br>• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको , तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १३ | | | **स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनः**<br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८० को प्रयोजनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि,२०७७ तर्जुमा गरेको छ । जसमा स्वमूल्याङ्कनमा १० वटा विषयक्षेत्रहरु र प्रत्येक विषयक्षेत्रहरुको ३ वटा मूल्यांकनका तहहरु रहेका छन् । कार्यालयको आर्थिक वर्ष २०७७।७८ को स्थानीय तह | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | संस्थागत क्षमता स्वमूल्याङ्कनमा वार्षिक बजेट तथा योजना व्यवस्थापन र वित्तिय एवम् आर्थिक व्यवस्थापनमा ९०.९१ र वातावरण संरक्षण तथा विपद व्यवस्थापन र सामाजिक समावेशीकरण विषयक्षेत्रमा १६.६७ र २५ अंक प्राप्त गरी औसतमा ६७% अंक प्राप्त गरेको देखियो । स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा समावेश भएका ७०० स्थानीय तहको औसत अंक ५९.११% रहेकोमा पालिकाले प्राप्त गरेको अंक औसत भन्दा माथि रहेतापनि पालिकाले प्राप्त गरेको बढी अंकको र कम अंकको अन्तर धेरै देखिएकोले कम अंक प्राप्त गरेको विषयक्षेत्रको अवस्थामा बढी सुधार गर्नुपर्ने देखिन्छ । | |
| १४ | | | **बेरुजु लगतः**<br>प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३९ मा जिम्मेवार व्यक्तिले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औल्याइएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने व तिर्नु बुझाउनु पर्ने भनी ठहर्याइएको बेरुजुको लगत कार्यालयस्तरमा राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम म.ले.प. फारम नं.८०१- बेरुजु लगत, म.ले.प. फारम नं.८०२- बेरुजुको कार्यालयगत प्रतिवेदन, म.ले.प. फारम नं.८०५- सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिएन । बेरुजुको लगत तथा सम्परीक्षणको अभिलेख अद्याविधिक नहुँदा कार्यालयको बेरुजु तथा सम्परीक्षणको तुलनात्मक अध्ययन गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम बेरुजु अभिलेख अद्यावधिक राख्नुपर्ने व्यवस्थाको पालना गर्न गराउनु तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| १५ | | | **निजी विद्यालय व्यवस्थापनः**<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उपदफा २(ज) मा आधारभुत र माध्यमिक शिक्षा सम्बन्धी पालिकाको काम,कर्तव्य र अधिकार अन्तर्गत संस्थागत विद्यालयको अनुमति,सञ्चालन,व्यवस्थापन तथा नियमन सम्बन्धी व्यवस्था गरेको छ। पालिकाले संस्थागत विद्यालयको व्यवस्थापन,अनुगमन सम्बन्धमा मापदण्ड तथा शुल्क निर्धारण गरी अनुगमन गरेको देखिएन । नियमानुसार मापदण्ड बनाउनुपर्ने र शुल्क निर्धारण गरि त्यसको कार्यान्वयनको अनुगमन गरि प्रतिवेदन सार्वजनिक गरिनुपर्दछ । | |
| १६ | | | **सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरः**<br>नेपालको संविधानको अनुसूचि-८ मा आधारभुत र माध्यमिक शिक्षा स्थानीय सरकारको अधिकार अन्तर्गत पर्ने उल्लेख छ । यसै अनुरुप स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (ज) मा स्थानीय तहले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अभिवृद्धि गर्ने, शिक्षा सम्बन्धि नीति, योजना तथा मापदण्ड बनाई विद्यालय सञ्चालनमा सहजिकरण गर्ने तथा मापदण्ड बनाई विद्यालय सञ्चालनमा सहजिकरण गर्ने तथा मापदण्ड पालना भए नभएको अनुगमन गर्नुपर्ने व्यवस्था छ । सामुदायिक विद्यालयको शैक्षिक तथा भौतिक गुणस्तर अभिवृद्धि गर्नका लागि शिक्षा क्षेत्रमा तीन तहका सरकारले ठुलो रकम लगानी गरेको देखिन्छ । संस्थागत विद्यालयको तुलनामा अधिकांश सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अझैपनि कमजोर रहेको वर्तमान समयमा पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड बनाएको देखिएन । नियमानुसार मापदण्ड बनाई मापदण्ड बमोजिम अनुगमन,मूल्याङ्कन गरि,अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ । साथै अनुगमन मूल्याङ्कनको क्रममा शैक्षिक गुणस्तर कमजोर देखिएका विद्यालयको गुणस्तर अभिवृद्धि गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| १७ | | | **ठेक्कागत गोश्वारा अभिलेखः**<br>ठेक्काबाट भएको कामको अभिलेख काम हुने सबै सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नुपर्नेमा कार्यालयले लगत राखेको देखिएन। ठेक्कागत अभिलेख खाता र ठेक्का सम्बन्धि गोश्वारा अभिलेख नहुँदा ठेक्का मार्फत भएका निर्माण कार्यको लागत अनुमान देखि कार्य सम्पन्न सम्मका विविध विषयको व्यवस्थित तथा एकिकृत सुचना प्राप्त नहुने भएकोले ठेक्का व्यवस्थापन सम्बन्धि विश्लेषण गर्न सकिएन । ठेक्का व्यवस्थापनलाई व्यवस्थित तथा पारदर्शी बनाउन ठेक्का अभिलेख र ठेक्का सम्बन्धि गोश्वारा लगत तयार गरी राख्नुपर्दछ । | |
| १८ | | | **खरिद कारवाहिको अभिलेखः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको छुट्टै फाइल खडागरी नियम १४९(२) मा उल्लिखित कागजातहरु संलग्न राख्नु पर्ने तथा नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने उल्लेख छ । कार्यालयले गरेको खरिद कार्यको अभिलेख राखेको देखिएन । नियममा भएको व्यवस्था बमोजिमको कागजात संलग्न राखी अभिलेख नराख्दा सम्पूर्ण खरिद कारवाहीको विश्लेषण गर्न सकिएन। नियमावलीको व्यवस्था बमोजिमको कागजात संलग्न राखि अभिलेख राख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| १९ | | | **सम्पत्ति हस्तान्तरण र अभिलेखः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समिति, गाउँपालिका तथा संघीय विषयगत कार्यालयको सम्पति तथा कोषहरु यस कार्यालयमा हस्तान्तरण गर्नलगाई सोको एकिकृत अद्यावधिक अभिलेख तयार गरेको देखिएन । अद्यावधिक अभिलेख नहुँदा यस कार्यालयमा समाहित भएका साविक कार्यालयको सम्पति हिनामिना तथा नासिने हुँदा साविक कार्यालयबाट हस्तान्तरण भएका तथा हुनुपर्ने सम्पति तथा कोष हरुको अद्यावधिक अभिलेख तयार गर्नुपर्दछ । | |
| २० | | | **सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोगः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक पर्ति ऐलानी तथा सामुदायिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको तथा अभिलेख राखेको पाइएन । साथै त्यस्तो सम्पत्तिको संरक्षण र उपयोग सम्बन्धि नीति तथा मापदण्ड बनाएको देखिएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको उपयोग र संरक्षण सम्बन्धि मापदण्ड निर्माण गरि रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु तथा सो को अभिलेख राखी अतिक्रमण भए नभएको नियमित अनुगमन गर्नुपर्दछ । | |
| २१ | | २०७९-९-३० | **कानून निर्माण एवं कार्यान्वयनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, २१ कार्यविधि २ निर्देशिका, १ मापदण्ड र ३ नियमावली लगायत ३७ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । | |
| २२ | | | **न्यायिक समितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ४४ र यो बर्ष थप भएको ४८ गरी कुल ९२ विवाद दर्ता भएकोमा ८ वटा मात्र फस्यौंट भई ८४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २३ | | | **धरौटी फिर्ता मू.अ.कर समायोजनः**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२४ मा धरौटी रकम फिर्ता गर्दा करचुक्ता प्रमाणपत्र र मूल्य अभिवृद्धि कर समायोजन भएको पत्र लिनुपर्ने व्यवस्था छ । कार्यालयले निम्न निर्माण व्यवसायिलाई धरौटी रकम फिर्ता गरेकोमा मू.अ.कर समायोजन पत्र संलग्न राखेको देखिएन । मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु. | १०५,९८४ |

| भौचर नं | फर्मको नाम | प्यान नं | रकम |
|---|---|---|---|
| ६१-२०७९।०२।३१ | ए एण्ड कन्स्ट्रक्सन | ६१२७०११४६ | २०७७३।- |
| ६३-२०७९।०३।२८ | काजल कन्स्ट्रक्सन | ६१२२६७२५३ | २१३५२।- |
| | गौरीभक्त मल्टिपर्पोज ट्रेड प्रा.लि. | ६०३५२३४३८ | २१३२०।- |
| | त्रिदेव मल्टीपर्पोज इन्टरप्राइजेज प्रा.लि. | ६०४३८७२५५ | २१३९९।- |
| | वर्षा निर्माण सेवा | ३०००६९४५१ | २११४०।- |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **धरौटी सदरस्याहाः**<br>प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७५ को नियम ६६ मा प्रचलित कानूनमा अवधि तोकिएमा सोही अवधिभित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम फिर्ता लिन नआएमा राजस्वमा आम्दानी बाँध्नुपर्ने उल्लेख छ । कार्यालयको यस आ.व.को अन्तमा धरौटी खातामा रु.६१,२३,३०८।८५ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मौज्दात रहेको देखिन्छ । नियममा भएको व्यवस्था अनुसार प्रयोजन सकिएको धरौटी सदरस्याहा गरि धरौटि खाता अद्यावधिक गर्नुपर्दछ । साथै सोही नियमावलीको नियम ६८ मा कार्यालयले अनुसूची १२ बमोजिम व्यक्तिगत धरौटी खाता अद्यावधिक गरि राख्नुपर्ने व्यवस्था भएकोमा कार्यालयको सूत्र प्रणालीमा देखिएको व्यक्तिगत धरौटी तथा गोश्वारा धरौटी खाता अनुसार नाम यकिन नभएको तथा साविकको गा.वि.स.बाट सरि आएको नाम नखुलेको धरौटी रु.१,७९,९९४।२२ देखिएकोले सो रकम नियमानुसार सदरस्याहा गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षणः<br>आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका निम्न व्यहोराहरु असुल फछ्र्यौट भएको देखिएन । नियमानुसार आन्तरीक लेखापरिक्षबाट कायम भएका बेरुजु असुल फछ्र्यौट गर्नुपर्दछ रु.
<table>
<tr><th>बेरुजु दफा नं.</th><th>व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२</td><td>राजकुमार झाको भ्रमण मिति र हवाई टिकट मिति फरक रहेकोले असुल गर्नुपर्ने</td><td>६४००/-</td></tr>
<tr><td>२०</td><td>बहालकर कट्टा नगरेको</td><td>६६६०/-</td></tr>
<tr><td>३५</td><td>बहालकर असुल नगरेको</td><td>३५०/-</td></tr>
<tr><td>४९</td><td>बिल भरपाई नपुग रहेको</td><td>१०००/-</td></tr>
<tr><td></td><td>सबै सैद्धान्तिक व्यहोरा हरु</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>१४४१०/-</td></tr>
</table></td><td>१४,४१०</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>पेश्कीः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ मा पेश्की दिईएको रकम तोकिएको म्यादभित्र फस्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । निम्नानुसार पेश्की दिएको रकम रु.५०,०००।-आर्थिक वर्षको अन्त्य सम्मपनि फस्यौंट नभई बाँकी रहेको देखिएकोले नियमानुसार फस्यौंट गर्नुपर्दछ । म्याद नाघेको पेश्की रु.</td><td>५०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| बजेट शीर्षक | पेश्की लिने व्यक्ति/संस्थाको नाम | पेश्की लिएको मिति | प्रयोजन | पेश्की रकम | म्याद नाघेको पेश्की |
|---|---|---|---|---|---|
| ८०११३५०४५०१ | ग्लोवल कन्स्ट्रक्सन सोलुसन | २०७८।०९।०७ | खेल मैदान पश्चिम धोबियारी सम्म सडक निर्माण ग्रामथान गाउँपालिका वडा नं ७ | २४६३३५।६० | - |
| ८०११३५०४००१ | ग्लोवल कन्स्ट्रक्सन सोलुसन | २०७८।०९।०७ | का .पा पिडारबोनि देखि पश्चिम १ नं वडा कार्यालय जाने सडक कालोपत्रे वडा नं १ | १९९४९३।७३ | - |
| ८०११३५०४००१ | ग्लोवल कन्स्ट्रक्सन सोलुसन | २०७८।०९।२८ | वडा कार्यालय भवन निर्माण | २६६०००।- | - |
| ८०११३५०४००१ | बिलिभ ईन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्राईभेट लिमिटेड | २०७८।१०।१० | | ३९७५१९।८० | - |
| ८०११३५०४००१ | गयालाल माझी | २०७८।०९।०५ | अस्पताल जग्गा खरिद | ५००००।- | ५००००।- |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **नदीजन्य पदार्थ उत्खनन् संकलन तथा विक्रीः** | |
| २७.१ | | | पालिकाले यो वर्ष आय ठेक्का तर्फ लोहन्द्रा खोलाको नदीजन्य पदार्थ संकलन र बिक्रीगर्न मूल्य अभिवृद्धिकर बाहेक न्यूनतम रु.९२३७४४२/५२ आय अनुमानगरी मिति २०७८।४।३२ मा ३० दिने सुचना आव्हान गरेको र सुचना बमोजिम सबै भन्दा बढी मूल्य अभिवृद्धिकर बाहेक रु.२७३१७०००/- कबोल गर्ने मोरङ कन्स्ट्रक्सन, ललितपुरसँग मिति २०७८।६।१२ मा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | संझौतागरि राजश्व असुल गरेको छ । यस सम्बन्धि पेश भएका श्रेस्ता परीक्षणमा देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| २७.२ | | | • ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ अनुसार पालिकाले व्यवसायीसँग गरेको प्रत्येक सम्झौतामा कुनै किसिमको कर सेवा शुल्क र दस्तुर थप गरी लिन नपाउने र नियमानुसारको शुल्क दस्तुर कर असुल गर्दा पालिकाबाट प्रमाणित भर्पाई रसिदको आधारमा मात्र गर्ने उल्लेख भएकोमा प्रमाणित रसिद उपलव्ध गराएता पनि सोको भिडान र अनुगमन भएको नदेखिएकोले यसको सदुपयोगमा यकिन हुन सकिएन ।<br>• ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ को दफा ९ अनुसार साधारण निर्माणमुखि नदिजन्य पदार्थको उत्खन्न सकलन गरि घाटगद्दी क्षेत्रबाट बिक्री वितरण गर्ने क्रममा तोकिएको शर्तहरुको पालना भए नभएको अनुगमन गरि जिल्ला समन्वय समितिले निर्देशन दिने तथा अनुगमन गरि आबश्यक कारबाही गर्नुपर्ने व्यवस्था रहेता पनि समन्वय समिति र पालिकाबाट सोहि मापदण्डको अनुसूचि ५ अनुसारको चेक लिस्ट प्रयोग गरि अनुगमन भएको लिखत अभिलेख देखिएन यसको अभावमा उक्त ठेक्कावाट तोकिएको परिणाममा उत्खनन र राजस्व असुली तथा वातावरणिय पक्षमा असर परे नपरेको तथा दिएका सुझावको कारवाहि भएकोमा नियमानुसार भए नभएको एकिन हुन सक्ने अवस्था नरहेकोले यसमा तोकिएका जिम्वेवार पदाधिकारीलाई उत्तरदायी बनाउनु पर्ने देखियो ।<br>• ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा ९ अनुसार उत्खनन संकलन वा ढुवानी कर्ताले संकलन वा ढुवानी गरेको परिणामको दैनिक पटके उत्पादन बिक्री वा ढुवानी गरेको परिणामको अभिलेख अनुसुचि ४ (क) बमोजिम र दैनिक गरेको बिक्री वा ढुवानी अभिलेख तेरिज अनुसुची ४ (ख) बमोजिम राख्नु पर्ने व्यवस्था रहेता पनि पालिकाले यस्ता विवरण लिई अध्यावधिक नराखेकोले यथार्थ उत्खनन तथा बिक्रीको परिणाम भिडान गर्न सकिएन ।<br>• नदी जन्य पदार्थ उत्खनन् संकलन तथा विक्री गर्ने कार्यकोलागि प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा यस खोलाको कुल ९ नाका मध्ये ७ वटा नाकामा बालुवा र गिट्टी तथा २ नाकामा बालुवामात्र उत्खनन् गर्न मिल्ने परिमाण समेतको प्रतिवेदन दिएको देखियो । यो खोलाको उपरोक्त नाकाहरु यस पालिकाको साथै बेलबारी नगरपालिका र रंगेलि नगरपालिकाको संयुक्त नाका रहेकोले IEE प्रतिवेदनमा उल्लेखित उत्खनन् गर्न मिल्ने परिमाणको आधामात्र (यस पालिकाको) परिमाणको ठेक्का आव्हान गरेको देखियो । कार्यालयले प्रदेश नं.१ प्रदेश आर्थिक ऐन, २०७८ को अनुसुची - | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ४ मा तोकिए बमोजिम दरमा आय अनुमानगरी ठेक्का आव्हान गर्नुपर्नेमा।EE प्रतिवेदनमा उल्लेखित बालुवा र गिट्टी उत्खनन् गर्न मिल्ने ७ वटा नाका र बालुवामात्र उत्खनन् गर्न मिल्ने २ वटा नाकाको परिमाण जोडेर ४० प्रतिशत बालुवा र ६० प्रतिशत गिट्टीको दरमा आय अनुमानगरेकोले नाका अनुसार उत्खनन् गर्न मिल्ने पदार्थको छुट्टा छुट्टै आय अनुमान तयारगरी ठेक्का लगाउनु पर्दछ । | |
| २८ | | | **आय अनुमान र असुलीः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा यस पालिकाको आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| आय शिर्षक | अनुमान (रु.हजार) | असुली (रु.हजार) | असुली प्रतिशत |
|---|---|---|---|
| ११६११ व्यवसायले भुक्तानी गर्ने | ७०० | १४०३ | २०० |
| ११३१४ भूमिकर/ मालपोत | १५०० | ३५८० | २३९ |
| ११३२१ घरबहाल कर | २०० | ६१९ | ३०९ |
| ११३२२ वहाल विटौरी कर | ५० | ० | ० |
| ११६३१ कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | २०० | १०० | ५० |
| १४२४२ नक्सा पास दस्तुर | ३०० | ३५३ | ११८ |
| १४२४३ सिफारिस दस्तुर | १५०० | २२९९ | १५३ |
| १४२४९ अन्य दस्तुर | ५०० | १३२० | २६४ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| २९ | | | **अङ्ग्रेजी शिक्षक र पाठयक्रम खर्च**<br>अन्तर सरकारि वित वयवस्थापन ऐन २०७४ को दफा ९ ले स्थानिय तहलाइ शसर्त बाहेक अन्य कुनै पनि किसिमको अनुदान उपलब्ध नगराउने व्यवस्था छ भने शिक्षा नियमावली २०५९ को नियम १०५ मा सामुदायिक विद्यालय आफ्नै श्रोतबाट व्यहोर्ने गरी नियुक्त गरेको शिक्षकलाई दिइने तलब भत्ता विद्यालय आफैले वयहोर्नु पर्ने उल्लेख छ । पालिकाले स्वीकृत दरबन्दि भित्र नपरेका एवम विद्यालयले गत विगतदेखि नै निजि शिक्षक पालिका आफै एवम विद्यालयले नियुक्त गरि तलब भत्ता वापतको रकम अनुदान भनि विद्यालयको खातामा ट्रान्सफर गरेको देखिन्छ । यसरि निजि शिक्षक नियुक्त गर्दा पालिकाको आन्तरिक आयको आधारमा पारिश्रमिक व्यहोरने गरि गर्नुपर्दछ । तर पालिकाले वर्तमान नेपाल सरकारद्धरा स्थापित बाल विकास कक्षालाई प्रतिस्थापन गरि निजि विद्यालयको शिक्षा मोडेलमा आधारित २ वटा कक्षा थप गरि अङ्ग्रेजी पाठयक्रम लागु गरि अङ्ग्रेजी माध्यमबाट अध्यापन गराउने शिक्षक र पाठयक्रम लागु गरेको देखिन्छ । नेपाल सरकारको स्थापित शिक्षा मोडेलमा विद्यालयपक्षबाट देखिएका गुणस्तर तथा व्यवस्थापकीय पक्षको कमजोरिको विशलेषण बेगर स्थापित सरंचनालाई परिवर्तन गरि अङ्ग्रेजी शिक्षक र पाठयक्रममा राजस्व बाडफाड र समानिकरणबाट निम्नानुसारको विद्यालयको खातामा रकम ट्रान्सफर गरेको नियमसम्मत नदेखिएको रु. | २,१३५,०२९ |

| सि. न. | विद्यालयको नाम | भुक्तानी विवरण | पारिश्रामिक |
|---|---|---|---|
| १ | बेगनलाल आ. वि. | शिक्षक अनुदान | २००००० |
| २ | रवि आ. वि. | शिक्षक अनुदान | २००००० |
| ३ | आदर्श शिक्षा निकेतन | शिक्षक अनुदान | २००००० |
| ४ | वालविद्या आ. वि. | शिक्षक अनुदान | १८०००० |
| ५ | ईशवर आ. वि. | शिक्षक अनुदान | १८०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>शिक्षा विकास आ. वि.</td><td>शिक्षक अनुदान</td><td>५२५०००</td></tr>
<tr><td>७</td><td>विभिन्न</td><td>अङ्ग्रेजी पाठयक्रम</td><td>६५००२९</td></tr>
<tr><td></td><td></td><td></td><td>२१३५०२९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>
भ्रमण खर्च<br>
गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ८ बमोजिम र भ्रमण खर्च नियमावली २०६४ बमोजिम भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य,कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नु पर्नेछ र भ्रमणबाट फर्किएको तीन दिनभित्र भ्रमणबाट प्राप्त उपलव्धिको व्यहोरा सहितको भ्रमण प्रतिवेदन समेत पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाकाले पदाधिकारी र कर्मचारीहरुको वार्षिक अनुगमन तथा मुल्यांकन र भ्रमण मा रु ३००३५७५/- देहाय बमोजिमको खर्च गरेकोमा भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य स्पष्ट नभएको, अन्तर जिल्ला भनि १८ कि.मि.भन्दा बाहिरका वरिपरिका पालिका जनाइ भ्रमण गरेको, अधिकाश भ्रमण नियमावलि विपरित १८ कि.मि.भित्र गरिएको र भ्रमणबाट प्राप्त उपलव्धिको व्यहोरा सहितको भ्रमण प्रतिवेदन पेश भएको छैन । ऐनको व्यवस्था अनुसार भ्रमण किफायति, उद्देश्यमुलक तथा आवशयक्तामा आधारित हुनेगरी स्वीकृत गर्नुपर्ने तथा अनिवार्य रुपमा भ्रमण प्रतिवेदन पेश गर्ने गर्नु पर्दछ ।
<table>
<tr><th>सि.न.</th><th>कार्यालय</th><th>भ्रमण विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>पालिका</td><td>पदाधिकारि र कर्मचारि</td><td>१९१९०००</td></tr>
<tr><td>२</td><td>वडा न. १</td><td>बालबालिका भ्रमण</td><td>५४०००</td></tr>
<tr><td>३</td><td>वडा न. १</td><td>वडा पदाधिकारि र कर्मचारी</td><td>१०४०००</td></tr>
<tr><td>४</td><td>वडा न. २</td><td>पदाधिकारी कर्मचारी भ्रमण</td><td>२०००००</td></tr>
<tr><td>५</td><td>वडा न. २</td><td>पदाधिकारी कर्मचारी धार्मिक भ्रमण</td><td>४०४०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>वडा न. ३</td><td>पदाधिकारी कर्मचारी धार्मिक भ्रमण</td><td>१०३०००</td></tr>
<tr><td>७</td><td>वडा न. ४</td><td>जेष्ठ नागरिक भ्रमण</td><td>१५००००</td></tr>
<tr><td>८</td><td>वडा न. ४</td><td>जन प्रतिनिधि अवलोकन भ्रमण</td><td>५०००००</td></tr>
<tr><td>९</td><td>वडा न. ५</td><td>पदाधिकारी कर्मचारी धार्मिक भ्रमण</td><td>३०५०००</td></tr>
<tr><td>१०</td><td>वडा न. ६</td><td>पदाधिकारी कर्मचारी धार्मिक भ्रमण</td><td>१०४०००</td></tr>
<tr><td>११</td><td>वडा न. ७</td><td>पदाधिकारी कर्मचारी धार्मिक भ्रमण</td><td>३२८०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>
वितरणमुखि खर्च<br>
स्थानिय तहले योजना छनोट गर्दा रोजगारी सृजना हुने जन जिवनस्तर उठाउने आय आर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पुर्वाधार विकासको योजनाहरुको छनोटमा ध्यान दिनुपर्दछ। पालिकाले सघिय सरकारबाट सिमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक आय पनि सिमित रहेको अवस्थामा सिमित स्रोतको अधिक्तम उपयोग हुने गरि उल्लेखित विषयहरुमा केन्द्रित भई योजनाहरु कार्यन्वयन गर्नुपर्नेमा वितरणमुखि योजना र कार्यक्रमहरु सञ्चालन गर्ने गरेको देखियो । यस्तो योजना र कार्यक्रमहरुले पालिकाको आर्थिक सामाजिक विकासमा उल्लेखिनिय योगदान नगर्नुका साथै सिमित स्रोत साधन भएको पालिकाको दिगो विकासमा आवश्यक स्रोतमा समेत चाप पर्ने भएकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><td>क. स .</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>१</td><td>आर्थिक सहायता</td><td>९५३४१६</td></tr>
<tr><td>२</td><td>छात्रवृति वितरण</td><td>१९००००</td></tr>
<tr><td>३</td><td>स्वास्थ्य विमा</td><td>२०००००</td></tr>
<tr><td>४</td><td>विद्ययार्थीलाई ब्याग बितरण</td><td>३४७०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>अनुदान कार्यक्रमा जनसहभागिता<br>पालिकाको कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७७ को ३(४) अनुसार बिउ बिजन तथा कृषि मेशिनरी खरिदमा ५० देखि ७५ प्रतिशतसम्म रकम अनुदान दिने व्यवस्था छ । तर निम्नानुसारको कृषि सामाग्रि खरिद र वितरणमा १०० प्रतिशत कार्यालयले नै व्यहोरेको र कृषकको सहभागिता नभएकोले अनुदान रकम बाहेको किसानको सहभागिता रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ. मिति</th><th>सामाग्री</th><th>खरिद रकम</th><th>अनुदान रकम</th><th>जनसहभागिता रकम</th></tr>
<tr><td>३०४, ०७८।९।२९</td><td>स्प्रेयर मेशिन</td><td>१४५०००</td><td>१०८७५०</td><td>३६२५०</td></tr>
<tr><td>३०३, ०७८।९।२९</td><td>मकै बिउ</td><td>२३१०००</td><td>१७३२५०</td><td>५७७५०</td></tr>
<tr><td>५०१, ०७८।१२।२</td><td>तरकारि बिउ</td><td>१९९८५०</td><td>१४९८८७</td><td>४९९६२</td></tr>
<tr><td>३९८, ०७८।११।८</td><td>स्प्रेयर मेशिन</td><td>२०००००</td><td>१५००००</td><td>५००००</td></tr>
<tr><td>५१९, ०७८।१२।८</td><td>माछा भुरा</td><td>१९९२१५</td><td>१४९४११</td><td>४९८०४</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>२४३७६६</td></tr>
</table></td><td>२४३,७६६</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>महङ्गी भत्ता<br>नेपाल सरकार, मन्त्री परिषद्को २०७४।१।२१ को निर्णयानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई कम्तिमा ६ महिना करार सेवा गरेमा सालवसाली रुपमा १ महिनाको आधारभुत पारिश्रमिक वरावरको चाडपर्व खर्च उपलब्ध गराउने तथा अर्थ मन्त्रालयको २०७९।१।१५ को निर्णय अनुसार करार कर्मचारीलाई महङ्गी भत्ता नपाउने अनुरोध पत्र सबैमा जारी गरीएकोमा यस कार्यलयमा १९ जना करार कर्मचारीलाई वर्षभरिमा कुल रु.४५६०००। महङ्गी भत्ता वापत भुक्तानी गरिएको रकम निर्णय विपरीत भएकोले नियमसम्त नदेखिएको रु.</td><td>४५६,०००</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>मसलन्द तथा कार्यालय सामान खरिद</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने । दफा ८(२) मा यस ऐन र र ऐनअन्तरगत बनेको नियमबमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुनमा वार्षिक रु.३५१३३७५। को कार्यालय सामान खरिद गरेको छ । सार्वजनिक प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनियता प्रवद्र्धन गर्न खरिद योजना निर्माण गर्ने, खरिद माग प्राप्त गर्ने, खरिद गर्ने सामानको लागत अनुमान तयार गर्ने जस्ता प्रक्रियाहरु पुरागरी खरिद कार्य गर्नुपर्ने देखिन्छ । | |
| ३५ | | | **ईन्धन**<br>सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको किसिम इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने,सरकारी सवारी साधन अनधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । यस कार्यालयमा ४ पाङ्ग्रे २ वटा, मोटरसाइकल २७ वटा र ट्रयाक्टर १ वटा भएकोमा कार्यलयमा पदाधिकारी ईन्धन तर्फ रु ११०००००।, ईन्धन अन्य प्रयोजन रु २०००००। र ईन्धन कार्यलय प्रयोजनका लागि रु २८६९७०७। गरी कुल रु ४१६९७०७। खर्च गरेकोमा इन्धन खर्चको मापदण्ड तयार नगरेको, सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी तथा उत्पादनमुखी बनाउन इन्धन खर्च मापदण्ड निर्माण गर्ने तथा ईन्धन प्रयोगमा नियन्त्रित गरी यसको व्यवस्थित अभिलेख राख्ने गर्नु पर्दछ । | |
| ३६ | | | **पत्र पत्रिका तथा छपाई खर्च**<br>विभिन्न मिडियाहरुमा सूचना प्रकाशन गर्दा प्रतिस्पर्धा गराई छुटको व्यवस्था गर्नु पर्दछ ।गाउँपालिकाले विभिन्न सूचना तथा विज्ञापन प्रकाशन विभिन्न फर्महरु मार्फत गरी रु.२०६००००। विनियोजन गरिएकोमा रु.२०६००००। खर्च गरेको र उक्त मिडिया फर्महरुले कुनै प्रकारको छुटको व्यवस्था गरेको देखिएन । सुचना प्रकाशन गर्दा गोरखापत्र जस्तै सरकारी समाचार पत्रमा २५ प्रतिशत छुटको व्यवस्था रहेको हुँदा मिडियाहरु बिच प्रतिस्पर्धा गराई छुट प्रदान गर्ने मिडिया फर्म सँग सेवा लिनुपर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । साथै सुभकामना तथा सन्देशमुलक सुचना तथा लोककल्याणकारी विज्ञापन प्रदान गरेको भनी पटक पटक विभिन्न मिडिया फर्म लाई भुक्तानी दिने कामलाई निरुत्साहित पार्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **भुक्तानीमा करकट्टी**<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी नगरेको एवं घटी कट्टी गरेकोले उक्त रकम असुल हुनुपर्ने रु. | १३,००० |

| भौ नं. र मिति | करको प्रकार | भुक्तानी लिनेको नाम | भुक्तानी विवरण | भुक्तानी रकम | छुट कर रकम |
|---|---|---|---|---|---|
| १६४,०७८।८।१० | वहाल कर | पिडारवनी युवा क्लव | साउणडसेट प्रोजेक्टर | ९५००० | ९५०० |
| २६६,०७८।९।११ | बहाल कर | पञ्च नारायण माझी | शैक्षिक भ्रमण गाडी भाडा | ३५००० | ३५०० |
| | जम्मा | | | | १३००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **अवकाश कोष**<br>स्थानीय तहले आफ्ना कर्मचारीहरुको लागि एक कर्मचारी कल्याणकोष खडा गरी सोको संचालन सम्बन्धि कार्यविधि समेत तयार गर्नु पर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी उक्त कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.१२५००००।ट्रान्सफर गरेको छ । तर पालिकावाट उक्त कोषको संचालन सम्बन्धी कुनै ऐन, कानून, कार्यविधिको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले यथाशिघ्र कार्यविधि निर्माण गर्नुपर्दछ । | |
| ३९ | | | **विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विविध शिर्षकबाट खाना तथा विविध खर्चमा मात्र रु.३४९४१९५।- खर्च गरेको छ। यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **तालिम सामाग्रीको जिन्सि व्यवस्थापन**<br>मेडपा सञ्चालन निर्देशिका २०७० को १२ बमोजिम तालिमबाट उत्पादित सामानहरु सहभागिलाई नै ५० प्रतिशत छुटमा विक्री गरिने अथवा सामानहरुको विवरण खुलाई स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ। तर कार्यलयले रु.९७३१०३२ सिप विकास तालिम अन्य सघ सस्थाबाट सञ्चालन गराएकोमा तालिममा प्रयोग भएका सामाग्रीहरु कार्यलयकै रकमबाट खरिद भएकोले उक्त सामाग्रीहरु जिन्सी आम्दानिमा दाखिला गर्ने गरेको देखिएन । अतः यस किसिमको कार्य गरिदा जिन्सी मालसामानको हकमा कार्यलयमा दाखिला गर्नुपर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४१ | | | **मेडपा कार्यक्रमः**<br>मेडपा सञ्चालन निर्देशिका २०७० मा सबै किसिमको कार्यको व्यवस्था गरे अनुसार क्रमिक रुपमा लक्षित समुहको पहिचान गरि समुहको माग अनुसार सिपमुलक तालिम सञ्चालन, समुह र सिपको अभिलेख, सिप अनुसारको आर्थिक सहयोग, बजारीकरण सन्जाल बिस्तार र त्यसको प्रगति प्रतिवेदन राखुपर्ने जस्ता प्रकृया उल्लेख छ ।तर कार्यालयले यससम्बन्धि दिर्घकालिन सोच,लक्ष्य,ऐन तथा निर्देशिका तयार बिना बार्षिक कार्यक्रममा बजेटको व्यवस्था गरि रु.९७३१०३२। खर्च गरेको तथा अधिकाश कार्य सम्बन्धित शाखाको समन्वय बिना वडाले गैह्र सरकारी संस्थाबाट गराएकोमा कार्यालयमा यससम्बन्धी कुनै अभिलेख तथा तालिम पश्चात सिपको सदुपयोग भएको प्रगति प्रतिवेदन तयार गरेको पाइएन् । अतः आगामि वर्षमा यसबाट उच्चतम प्रतिफल हासिल गर्न निर्देशिकामा व्यवस्था भएबमोजिमको दिर्घकालिन लक्ष्य, बजेटको व्यवस्था र खर्चको कार्यबिधि तयार गरि कार्यक्रम संचालन गर्ने र सोको प्रभावकारीताको मूल्याङ्कनगरी अभिलेखाङ्कन गर्नुपर्दछ। | |
| ४२ | | | **कार्यक्रमको अनुगमन प्रतिवेदन**<br>स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानिय योजना कार्यक्रमका रकम खर्च गर्दा कानुन, मापदणड, कार्यबविधि बनाइ सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । खर्च गरिएको रकमको सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध दिने निकायले समय समयमा अनुगमन नियमन र प्रतिवेदन जस्ता कार्य गर्नुपर्दछ । तर कार्यालयले निम्नानुसारका कृषि र पशु अन्तर्गतको कार्यमा अनुदान उपलब्ध गराइ कार्य गराइएकोमा यसबाट किसानहरुको आयस्तरमा सुधार भए नभएको तथा अनुदान रकमबाट प्राप्त उपलब्धी सम्बन्धमा अनुगमन प्रतिवेदन राखेको पाइएन । तसर्थ अनुगमन कार्यलाइ प्रभावकारी बनाइ संघिय, प्रदेश | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तथा स्थानिय तहबाट वितरण हुने अनुदानमा दोहोरो नहुने गरी अनुदानग्राहीको जिवनस्तरमा सुधार आए नआएको यकिन गरी रकमको पुर्ण सदुपयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| सि. न. | भुक्तानी विवरण | भुक्तानी रकम |
|---|---|---|
| १ | प्लाष्टिक ट्रनेल, थोपा सिंचाई, ईन्सेक्ट नेट | २३३००० |
| २ | हरियो मल | २४८००० |
| ३ | तोरी/सरस्यूँ बीउ | ७२००० |
| ४ | स-साना कृषि औजार | २४९००० |
| ५ | कृषि यान्त्रिकरण | २१०००० |
| ६ | धान काट्ने रिपर | २१०००० |
| ७ | तरकारी सिडकिट वितरण | ३४९००० |
| ८ | मल्चिङ्ग प्लाष्टिक वितरण | ३९५००० |
| | | १९६६००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | 180 | २०७९-३-२४ | **कर कट्टा नगरेकोः** आयकर ऐन,२०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम करकट्टी गर्नुपर्ने व्यवस्था छ । देवी मा.वि.-५ लाई पुस्तकालय स्थापनाको लागि रु.६,५०,०००।- निकासा भएकोमा सो को फाँटवारी पेश भएकोमा श्रेस्ता परीक्षण गर्दा कर कट्टा नगरेको देखिएकोले नियमानुसार लाग्ने कर रकम रु.९,७५०।- असुल गरि राजस्व दाखिला गर्नुपर्ने रु | ९,७५० |
| ४४ | | | **बीमा रकम बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १० लाख रुपैयाँ भन्दा बढि मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेशिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन गर्ने खर्च, निर्माण व्यवसायिले निर्माणस्थलमा ल्याएको आफ्नो उपकरण, त्रुटी सच्चाउने अवधिको जोखिम, कुनै कर्मचारीलाई चोटपटक लागेमा वा निजको मृत्यु भएमा हुने जोखिम समेतको बीमा गराउनुपर्ने व्यवस्था छ । पालिकाको खेलमैदान पश्चिम धोवियारी सम्म सडक निर्माण ठेक्का नं २०।०७८।७९ ग्लोबल कन्स्ट्रक्सनले मिति २०७८।०८।२० मा ठेक्का कार्य सुरु गरेपछि बीमा मिति २०७८।०८।२० देखि २०७९।०३।१५ सम्मको गर्नुपर्नेमा २०७९।०३।०६ मा मात्र बीमा गरि मिति २०७८।०८।२० देखि २०७९।०३।१५ सम्मको बीमा रकम रु.१०,२५२।९४।- भुक्तानी गरेको देखिएकोले दामाशाहीले १० दिनको रु.१,१९२।२० मात्र भुक्तानी हुनुपर्नेमा रु.९,०६०।७० बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | ९,०६०.७ |
| ४५ | 122 | २०७९-३-१ | **छात्रवृत्ति रकम दोहोरो निकासाः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं.७.२.१.१ को ४.२ मा गैरआवासिय दलित छात्रवृत्ति (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु.४००।- उल्लेख छ । विरेन्द्र मा.वि. ग्रामथान - १ मा दलित विद्यार्थी संख्या १५२ जनाको रु.६०८००।- निकासा भएकोमा २० जना दलित विद्यार्थीको दोहोरो निकासा भएको देखिएकोले बढी निकासा भएको रकम असुल गरि संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | ८,००० |
| ४६ | | | **दिवा खाजाः** कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं.२.७.११.१ मा विद्यालयमा प्रत्यक्ष कक्षा सञ्चालनमा रहेको दिनका लागि | २१,६१५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका विद्यालयगत तथ्यांकका आधारमा प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले १८० दिनका लागि दिवा खाजाका लागि विद्यालयलाई अनुदान निकासा दिने व्यवस्था छ । पालिकाको वडा नं ७ स्थित जनता प्रा.वि. ले हाजिरी अनुसार दिवा खाजा रकम माग गरेकोमा माग गरेको रकमभन्दा बढी निकासा भएकोले सो रकम असुल गरि संघिय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.<br>
<table>
<tr><td>माग गरेको किस्ता</td><td>माग रकम</td><td>निकासा रकम</td><td>बढी भुक्तानी</td></tr>
<tr><td>पहिलो</td><td>४०,९०५।-</td><td>४०,९०५।-</td><td>-</td></tr>
<tr><td>दोस्रो</td><td>३०,३६०।-</td><td>३०,३६०।-</td><td>-</td></tr>
<tr><td>तेस्रो,चौथो र पाँचौ</td><td>८७,७३५।-</td><td>१,०९,३५०।-</td><td>२१,६१५।-</td></tr>
</table></td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>पाठ्यपुस्तकको रकम बढी निकासाः<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं.२.४.६.१ मा पाठ्यक्रम विकास केन्द्रको वेवसाइटमा प्रकाशित स्वीकृत दररेटका आधारमा हिसाब गरि विद्यालयलाई निःशुल्क पाठ्यपुस्तकको रकम अनुदान निकासा उपलब्ध गराउने व्यवस्था छ । यस आर्थिक वर्षमा पाठ्यपुस्तक खरिदमा पाठ्यक्रम विकास केन्द्रले तोकेको दर कक्षा १ को रु.५१८।४०, कक्षा २ को रु.५५६।८०, कक्षा ३ को रु.५८०।८०, कक्षा ४ को रु.६०२।८०, कक्षा ५ को रु.४०८।१०, कक्षा ६ को रु.७१२।४० र कक्षा ७ को रु.७५२।४ तोकिएकोमा विद्यालयलाई निकासा दिंदा कक्षा १ को रु.६४७।-,कक्षा २ को रु.६९५।-, कक्षा ३ को रु.७२५।-, कक्षा ४ को रु.७०२।-, कक्षा ५ को रु.४८९।-, कक्षा ६ को रु.८३०।- र कक्षा ७ को रु.८७७।- का दरले निकासा दिएकोले तोकिएको दर भन्दा कक्षा १ रु.१२८।६०, कक्षा २ रु.१३८।२०, कक्षा ३ रु.१४४।२०, कक्षा ४ रु. ९९।२०, कक्षा ५ रु.८०।९०, कक्षा ६ रु.११७।२० र कक्षा ७ मा रु.१२४।६० का दरले बढी निकासा दिएको रकम असुल गरि संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td>२६४,६२२.५९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | | | | | | | जम्मा | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | | |
| १ | श्री विरेन्द्र मा.वि.-१ | १२ | २३ | २४ | १७ | १९ | ३० | २० | १७,४१४।१० | १३०६०।५८ |
| २ | श्री वेगनलाल आ.वि.-१ | ९० | ३२ | ४७ | ४१ | ३८ | ४२ | ५१ | ४१,१९२।२० | ३०,८९४।१५ |
| ३ | श्री सरस्वती मा.वि.-२ | ५३ | ३९ | ४५ | ४७ | ५६ | ९५ | १०४ | ५१,९७९।८० | ३८,९८४।८५ |
| ४ | श्री विरेन्द्र मा.वि.-२ | १२ | १७ | १८ | १५ | २० | ३२ | २० | १५,८३६।६० | ११,८७७।४५ |
| ५ | श्री रवि आ.वि.-२ | ३७ | १७ | २० | ३५ | ५२ | ३७ | ३४ | २६,२४३।२० | १९,६८२।४० |
| ६ | श्री दुर्गा आ.वि.-२ | ६ | ७ | ७ | १० | ० | ० | ० | ३,७४०।४० | २,८०५।३० |
| ७ | श्री वाँणी मा.वि.-३ | ३ | ५ | ८ | ४ | ५ | १४ | ९ | ५,७९३।९० | ४,३४५।४३ |
| ८ | श्री ग्रामदेव आ.वि.-३ | ८ | २० | १३ | ६ | ३ | ० | ० | ६,५०५।३० | ४,८७८।९८ |
| ९ | श्री लक्ष्मी आ.वि.-३ | ५ | ४ | ७ | ८ | ४ | ० | ० | ३,३२२।४० | २,४९१।८० |
| १० | श्री राधाकृष्ण आ.वि.-३ | १८ | १५ | ११ | १४ | १८ | ० | ० | ८,८१९।- | ६,६१४।२५ |
| ११ | श्री महेन्द्र मा.वि.-४ | ९ | १२ | १२ | १७ | ० | १८ | २२ | ११,०८३।४० | ८,३१२।५५ |
| १२ | श्री बालविद्यामन्दिर आ.वि.-४ | १३ | ८ | ७ | ७ | ० | ० | ० | ४,४८१।२० | ३,३६०।९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | श्री ग्राम कालिका आ.वि.-४ | २० | १३ | १३ | १२ | ९ | १२ | १२ | ११,०६३।३० | ८,२९७।४८ |
| १४ | श्री ईश्वर आ.वि.-४ | १० | ३ | ५ | ६ | ३ | ० | ० | ३,२५९।५० | २,४४४.६३ |
| १५ | श्री जनता सा आ.वि.-४ | १६ | ११ | ११ | ४ | ६ | ० | ० | ६,०४६।२० | ४,५३४।६५ |
| १६ | श्री लोहन्द्रा आ.वि.-४ | १२ | ७ | ८ | ५ | ४ | ० | ० | ४,४८३।८० | ३,३६२।८५ |
| १७ | श्री रामजानकी आ.वि-४ | ६ | १४ | ८ | ७ | ० | ० | ० | ४,५५४।४० | ३,४१५।८० |
| १८ | श्री देवी मा.वि.-५ | १२ | ७ | ६ | ७ | ८ | १४ | १५ | ८,२७७।२० | ६,१७०।४० |
| १९ | श्री आदर्श शिक्षा निकेतन आ.वि.-५ | २२ | १७ | ७ | १३ | ६ | ७ | १३ | १०,४०३।२० | ७,८०२।४० |
| २० | श्री जनता आ.वि.-५ | २४ | १६ | १५ | ४ | १६ | १६ | १७ | १३,२८९।४० | ९,९६७।०५ |
| २१ | श्री विद्यामन्दिर आ.वि.-५ | १५ | १४ | ११ | ८ | ९ | ११ | ११ | ९,६३१।५० | ७,२२३।६३ |
| २२ | श्री पब्लिक मा.वि.-६ | १६ | २५ | २५ | २४ | ३८ | ५७ | ६१ | २८,८५३।६० | २१,६४०।२० |
| २३ | श्री रानी आ.वि.-६ | ११ | १२ | १२ | ९ | १७ | ० | ० | ७,०७१।५० | ५,३०३।६३ |
| २४ | श्री गणेश मा.वि.-६ | २४ | १७ | १९ | २१ | १६ | ४६ | २७ | २०,३०८।६० | १५,२३१।४५ |
| २५ | श्री जनता आ.वि.-६ | १० | ९ | ९ | ५ | ३ | ० | ० | ४,५६६।३० | ३,४२४।७३ |
| २६ | श्री सरस्वती आ.वि.-६ | ११ | ८ | ८ | ६ | ६ | ० | ० | ४,७५४।४० | ३,५६५।८० |
| २७ | श्री राधाकृष्ण आ.वि.-७ | २३ | ३२ | ३२ | ४६ | २१ | ० | ० | १६,२७२।७० | १२,२०४।५३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२८</td><td>श्री शिक्षा विकास<br>आ.वि.-१</td><td>१४</td><td>७</td><td>६</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>३,६३३।-</td><td>२,७२४।७५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>३,५२,८३०।१०</td><td>२,६४,६२२।५९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>औषधि खरिदः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष रु.२१७९२५०।८५ को औषधि सोझै खरिद गरी भुक्तानी दिएको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः
<ul>
<li>खरिद गरेका उक्त औषधिको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको नदेखिएको ।</li>
<li>आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।</li>
<li>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।</li>
<li>औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।</li>
<li>औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</li>
</ul>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **स्वास्थ्य सेवा कर्मचारी पारिश्रमिक करः**<br>आयकर ऐन,२०५८ को दफा ८७ (१) अनुसार आयमा लाग्ने पारिश्रमिक करको गणना गर्दा करयोग्य आयको पहिलो एकलाखमा १० प्रतिशत, दोस्रो २ लाखमा २० प्रतिशत पारिश्रमिक करकट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा कार्यरत निम्न कर्मचारीहरुको पारिश्रमिक कर गणना गरि करकट्टि गर्नुपर्नेमा कर कट्टा नगरेको देखिएकोले नियमानुसार लाग्ने पारिश्रमिक कर असुल गर्नपर्ने रु. | २०३,३६६.२ |

| नाम | जम्मा आम्दानी | कट्टी गर्न पाउने रकम | करयोग्य आय | असुल गर्नुपर्ने कर |
|---|---|---|---|---|
| श्री जानुका बराल | ६,८२,१५२।- | ६,२८,५१४।- | ५३,६३८।- | ५,३६४।- |
| श्री अम्बीका भण्डारी | ७,१६,७४१।१० | ६,४६,३४२।- | ७०,३९९।- | ७,०४०।- |
| श्री राधिका सुवेदी | ७,१८,१३४।८० | ६,३४,५९५।६० | ८३,५३९।- | ८,३५४।- |
| सुनिल कुमार झा | ७,५२,७२३।९० | ६,५८,४२३।८० | ९४,३००।- | ९,४३०।- |
| गायत्रा न्यौपाने | ७,३६,१२६।२० | ६,५५,६३६।४० | ४०,४८९।८० | ८,०४९।- |
| अमृत बहादुर कार्की | ७,५२,७२३।९० | ६,७४,०२३।८० | ७८,७००।- | ७,८७०।- |
| राज कुमार चौधरी | ६,८०,७५८।३० | ६,५८,२६०।६० | २२,४९७।७० | २,२५०।- |
| किरण श्रेष्ठ | ५,७९,६५१।७० | ५,५१,०२९।४० | २८,६२२।३० | २,८६२।- |
| राज कुमार झा | ७,५२,७२३।९० | ६,७०,४२३।८० | ८२,३००।- | ८,२३०।- |
| टंकनाथ ढकाल | ७,५६,७७८।३० | ६,७०,९३०।६० | ८५,८४७।७० | ८,५८५।- |
| कल्पना घिमिरे | ७,५६,७७८।३० | ६,७०,९३०।६० | ८५,८४७।७० | ८,५८५।- |
| गोपाल प्रसाद माझी | ७,५२,७२३।९० | ५,८०,४२३।८० | १,७२,३००।- | २४,४६०।- |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>विमल अधिकारी</td><td>८,५०,०९६।२०</td><td>५,७७,६३६।४०</td><td>२,७२,४५९।८०</td><td>४४,४९२।-</td></tr>
<tr><td>सन्तोष गौतम</td><td>७,५२,७२३।९०</td><td>६,३४,९३०।६०</td><td>१,१७,७९३।३०</td><td>१५,५५९।-</td></tr>
<tr><td>मनोज कुमार मेहता</td><td>७,५२,७२३।९०</td><td>६,२८,९३०।६०</td><td>१,२३,७९३।३०</td><td>१४,७५९।-</td></tr>
<tr><td>आनन्द मेहता</td><td>५७४९४०।-</td><td>४,५०,०००।-</td><td>१,२४,९४०।-</td><td>१३,७३८।६०</td></tr>
<tr><td>राजु शाह</td><td>५७४९४०।-</td><td>४,५०,०००।-</td><td>१,२४,९४०।-</td><td>१३,७३८।६०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td>२,०३,३६६।२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५०</td><td>36</td><td>२०७८-१०-११</td><td>वृहत पोषण प्याकेज र क्षमता अभिवृद्धि कार्यक्रमः<br>आयकर ऐन,२०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम करकट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकामा महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई वृहत पोषण प्याकेज तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालनका गरि सि.अहेव श्री कल्पना घिमिरेले पेश्की फस्यौंट गरी भुक्तानी भएको श्रेस्तामा कर रकम रु.३७८५।- कट्टी गरि मात्र भुक्तानी गर्नुपर्नेमा रु.२०६३।- मात्र कर कट्टी भएको देखिएकोले घटी कर रु.१७२२।- असुल गरि राजस्व दाखिला गर्नुपर्ने रु.</td><td>१,७२२</td></tr>
<tr><td>५१</td><td></td><td></td><td>दोहोरो भत्ता भुक्तानीः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । गाउँपालकाको CCMC को बैठकले कोभिड-१९ समयलाई मध्यनजर गर्दै गाउँपालिकाबाट नियमित रुपमा एन्टीजेन टेस्ट सम्बन्धित बिरामीहरुको घरघरमा समेत गई परामर्श समेत गर्ने कार्यका लागि CICTT टिम तथा सहयोगी टिमको सेवासुविधाको लागि काम गरेको दिनको प्रति दिन प्रतिव्यक्ति रु.१०००।- भत्ता र खाजा खर्च वापत रु.२००।-का दरले भुक्तानी दिने भन्ने निर्णय गरेकोमा सोको भुक्तानीको भौचर नं १२-२०७८।११।०५ रु.२७००००।-, २८-२०७९।०१।२२ रु.४२९६००।- र ४४-२०७९।०३।२५ रु.२९१६००।-को</td><td>३१,४१०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>श्रेस्ता परीक्षण गर्दा एक दिनमा २ स्थानमा कार्य गरेवापत प्रति पटक भत्ता र खाजा गरि रु.१२००।-ले भुक्तानी गरेको देखियो । प्रति दिन अनुसार भुक्तानी गर्नुपर्नेमा प्रति पटकका आधारमा भुक्तानी गरेकोमा दोहोरिएको दिनको करबाहेक भुक्तानी रकम असुल गर्नुपर्ने रु.<br><table>
<tr><td>नाम</td><td>दोहोरिएको दिन</td><td>भत्ता रकम</td><td>असुल गर्नुपर्ने रकम</td></tr>
<tr><td>श्री राज कुमार झा</td><td>६</td><td>१०००।-</td><td>५१००।-</td></tr>
<tr><td>श्री गोविन्दा विश्वास</td><td>६</td><td>१०००।-</td><td>५१००।-</td></tr>
<tr><td>श्री राज कुमारी चौधरी</td><td>६</td><td>१०००।-</td><td>५१००।-</td></tr>
<tr><td>श्री सुनिल कुमार झा</td><td>६</td><td>१०००।-</td><td>५१००।-</td></tr>
<tr><td>श्री कल्पना घिमिरे</td><td>६</td><td>१०००।-</td><td>५१००।-</td></tr>
<tr><td>श्री राज कुमार झा (खाजा खर्च रकम)</td><td>३०</td><td>२००।-</td><td>५९१०।-</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>३१४१०।-</td></tr>
</table></td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>शीर्षक फरक पारि खर्चः<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा १९ को (२) तथा एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख रहेको छ । पालिकाले मातृ तथा नवशिशु कार्यक्रम अन्तरगत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम शीर्षकमा बाँकी रहेको रकमबाट रु.२२८०००।- फिल्ड कार्यकर्ता चौथो र पाँचौ तहका १४ जना कर्मचारीलाई १२ महिनाको भत्ता रकम वितरण गरेको देखिएकोले नियमसम्मत नभएको रु.</td><td>२२८,०००</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>अग्रिम करः<br>आयकर ऐन,२०५८ को दफा ८७,८८ र ८९ मा भुक्तानीमा करकट्टीको व्यवस्था उल्लेख छ । पालिकाले मातृ तथा नवशिशु</td><td>३४,२००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यक्रम अन्तरगत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम शीर्षकमा बाँकी रहेको रकमबाट रु.२,२८,०००।- फिल्ड कार्यकर्ता चौथो र पाँचौ तहका १४ जना कर्मचारीलाई १२ महिनाको भत्ता रकम वितरण गरेकोमा नियमानुसार लाग्ने १५ प्रतिशत कर कट्टा गरेको नदेखिएकोले नियमानुसार लाग्ने कर रकम असुल गरि राजस्व दाखिला गर्नुपर्ने रु. | |
| ५४ | | | **महंगी भत्ताः**<br>करार कर्मचारीको सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयको चलानी नं २१७ मिति २०७४/०१/२५ मा जारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/०१/२१ को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष २०७४/०७५ बाट लागु हुने गरी कम्तिमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता मात्र पाउने व्यवस्था गरी करार सम्झौता गर्न हुन निर्देशनका साथै अर्थ मन्त्रालयको २०७९।१।१५ को निर्णय अनुसार करार कर्मचारीलाई महङ्गी भत्तासमेत नपाउने अनुरोध पत्र सबैमा जारी गरीएको छ । तर गाउँपालिकाले स्वास्थ्य तर्फका देहायका कर्मचारीहरुलाई संघीय सरकारबाट प्राप्त हुने स्वास्थ्य तर्फको सशर्त रकमबाट महंगी भत्ता दिएको निमय सम्मत नदेखिएको रु.<br><table><tr><td>नाम</td><td>मासिक रकम</td><td>असुल गर्नुपर्ने रकम</td></tr><tr><td>श्री देवकला कुमारी चौधरी</td><td>२,०००।-</td><td>२४,०००।-</td></tr><tr><td>श्री संगीता कुमारी चौधरी</td><td>२,०००।-</td><td>२४,०००।-</td></tr><tr><td>जम्मा</td><td></td><td>४८,०००।-</td></tr></table> | ४८,००० |
| ५५ | | | **वोयर बोका र क्रस पाठी खरिदः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४१ मा सरकारी रकम खर्च गर्दा अधिकारप्राप्त | १,३२४,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अधिकारीले उपलब्ध स्रोत,साधन तथा सम्पत्तिको समुचित उपयोग भएको सुनिश्चित हुनुपर्ने उल्लेख छ । ग्रामथान पकेट उपभोक्ता समितिले ॐ एग्रो कृषि फार्म सुन्दरहरैंचाबाट क्रस पाठी ८८ वटा रु.१३०००।-का दरले र वोयर क्रस बोका २ वटा रु. ९००००।- का दरले खरिद गरेकोमा खरिद गरेको पाठी तथा वोयर क्रस बोकाको तौल तथा वोयर क्रसको प्रतिशत नखुलेकोले सो क्रस पाठी तथा वोयर बोकाको प्रति एकाई मूल्य यकिन गर्न सकिएन । तसर्थ उक्त क्रस पाठी तथा वोयर बोकाको खरिद मूल्य पुष्टि गर्ने आधार प्रमाण पेश गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>पदाधिकारी अनुगमन भत्ताः<br>गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ३ मा गाउँपालिकाका अध्यक्ष,उपाध्यक्ष,वडाध्यक्ष,कार्यपालिका सदस्य र वडा सदस्यको अनुसूची १(क) मा उल्लेख भएबमोजिमको सुविधालाई अधिकतम कायम गरि कार्यपालिकाले निर्धारण गरेबमोजिमको सुविधा पाउने उल्लेख छ । यसका अतिरिक्त पालिकाका देहायबमोजिमका पदाधिकारीहरुले विभिन्न कार्यक्रमको अनुगमन गरी अनुगमन भत्ता वापतको रकम समेत भुक्तानी लिएको देखियो । दोहोरो अनुगमन भत्ता वापतको रकम असुल गर्नुपर्ने रु.<br><br>
<table>
<tr><th>कार्यक्रम,भौचर नं र मिति</th><th>नाम</th><th>दर</th><th>संख्या</th><th>भुक्तानी रकम</th><th>असुल गर्नुपर्ने रकम</th></tr>
<tr><td rowspan="2">ANC to PNC सम्बन्धि कार्यक्रम २८-२०७८।०९।१९</td><td>अध्यक्ष श्री शिव नारायण माझी</td><td>१४००।-</td><td>१</td><td>१४००।-</td><td>११९०।-</td></tr>
<tr><td>उपाध्यक्ष श्री फुल कुमारी चौधरी</td><td>१४००।-</td><td>१</td><td>१४००।-</td><td>११९०।-</td></tr>
<tr><td rowspan="2">प्रधानमन्त्री रोजगार कार्यक्रम ८४-२०७८।१२।२४</td><td>अध्यक्ष श्री शिव नारायण माझी</td><td>१०००</td><td>१२</td><td>१२०००।-</td><td>१०२००।-</td></tr>
<tr><td>उपाध्यक्ष श्री फुल कुमारी चौधरी</td><td>१०००</td><td>१२</td><td>१२०००।-</td><td>१०२००।-</td></tr>
<tr><td rowspan="2">प्रधानमन्त्री रोजगार कार्यक्रम १८४-२०७९।०३।२४</td><td>अध्यक्ष श्री प्रकाश गच्छादार थारु</td><td>१०००</td><td>१</td><td>१०००।-</td><td>८५०।-</td></tr>
<tr><td>उपाध्यक्ष श्री गुणावती देवी थारु</td><td>१०००</td><td>४</td><td>४०००।-</td><td>३४००।-</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>२७,०३०।-</td></tr>
</table></td><td>२७,०३०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७</td><td></td><td></td><td>सुरक्षित नागरिक आवासः<br>सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५ को दफा ५(७ र ८) बमोजिम प्रथम किस्ता वापत प्राप्त रकम लाभग्राहीले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी सम्बन्धित स्थानीय तहको प्राविधिकबाट अनुसूची-३ बमोजिमको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा लाभग्राहीलाई दोस्रो तथा अन्तिम किस्ता वापत को रकम उपलब्ध गराउने व्यवस्था छ । सोही कार्यविधिको दफा ६ मा जुन प्रयोजनका लागि अनुदान रकम उपलब्ध गारईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाईएमा वा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलब्ध गराईएको मितिले तीन महिना भित्र नगरेमा लाभग्राहीवाट अनुदान रकम असुल गर्ने उल्लेख छ । पालिकाले यस कार्यक्रम अन्तर्गत देहायबमोजिमको वडाहरुमा प्रति लाभग्राही रु.३००००।- का दरले प्रथम किस्ता वापतको रकम भुक्तानी दिएको देखियो । सो रकम कार्यविधि अनुसार जुन प्रयोजनका लागि प्रदान गरिएको हो सोही प्रयोजनमा खर्च भएको प्रमाण पेश गर्नुपर्ने रु.<br>
<table>
<tr><th>वडा नं</th><th>लाभग्राही संख्या</th><th>प्रथम किस्ता रकम</th></tr>
<tr><td>१</td><td>१२</td><td>३,६०,०००।-</td></tr>
<tr><td>२</td><td>२२</td><td>३,३०,०००।-</td></tr>
<tr><td>३</td><td>१०</td><td>३,००,०००।-</td></tr>
<tr><td>४</td><td>९</td><td>२,७०,०००।-</td></tr>
<tr><td>५</td><td>११</td><td>३,३०,०००।-</td></tr>
<tr><td>६</td><td>११</td><td>३,३०,०००।-</td></tr>
<tr><td>७</td><td>११</td><td>३,३०,०००।-</td></tr>
<tr><td>जम्मा</td><td>७५</td><td>२२,५०,०००।-</td></tr>
</table></td><td>२,२५०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **गोबर ग्याँसः**<br>ग्रामथान गाउँकार्यपालिकाको कार्यालय तेतरिया मोरङ र अग्नि उर्जा इन्जिनियरिङ्ग कम्पनी प्रा.लि. सुन्दर हरैंचा मोरङ बिच गोबर ग्यास प्लान्ट मर्मत कार्यको लागि प्रत्येक उपभोक्तालाई रु.१०,०००।- का दरले गाउँपालिकाले अनुदान उपलब्ध गराउने सम्झौता भएको देखिन्छ । उक्त सम्झौताको सि.नं. ५ मा लागत साझेदारी अनुसार प्रत्येक उपभोक्ता समितिको रु.५००।- लागत साझेदारी रहने उल्लेख भएकोमा ३० जना उपभोक्ताले रु.५००।- का दरले जम्मा रु.१५,०००।- राजस्व जम्मा गरेको भौचर पेश नभएकोले सो रकम असुल गरि राजस्व दाखिला हुनुपर्ने रु. | १५,००० |
| ५९ | | | **जिल्ला दररेट भन्दा बढीमा खरिदः**<br>सार्वजनिक खरिद ऐन,२०६३ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिद कार्य गर्दा स्वीकृत दररेट अनुसार खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले गरिबसँग विशेश्वर कार्यक्रममा कृषि तरकारी खेती तालिमका लागि कोदालो खरिद गर्दा जिल्ला दररेट भन्दा बढी दरमा खरिद गरेको देखिएकोले बढी दरमा खरिद गरि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | ३५,२८७.५ |

| खरिद गर्ने व्यक्तिको नाम | सामाग्री | जिल्ला दर | खरिद दर | बढी दर | परिमाण | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| श्री मुना लुइटेल | कोदालो | ३६७।५० | ८३८।- | ४७०।५० | ५० | २३,५२५।- |
| श्री अनिता कुमारी चौधरी | कोदालो | ३६७।५० | ८००।- | ४७०।५० | २५ | ११,७६२।५० |
| जम्मा | | | | | | ३५,२८७।५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **आर्थीक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आर्थिक सहायता वितरण सम्वन्धमा उल्लेख भएको छैन । आर्थिक सहायता वितरण सम्वन्धमा मापदण्ड , सिमा र कार्यविधी नगर परिषदबाट पारित गरी लागु गरेको पनि देखिएन । पालिकाको आफ्नो आन्तरिक श्रोत पर्याप्त भई वितरणमुखी योजनाहरु नै सर्वसम्मतीले छनौट गरी कार्यक्रम बनाउदा नेपाल सरकार, पालिका र वडाबाट प्रदान गरिने सुविधामा दोहोरो नपर्ने गरी कार्यविधि बनाइ कार्यान्वयनमा ल्याउनु पर्दछ। ।आर्थीक रुपमा विपन्न वर्गका लागि नेपाल | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सरकारले सामाजिक सुरक्षा कार्यक्रम एवम औषधि उपचार कोषमार्फत रु.१०००००। सम्मको सुविधा दिदै आएकोमा पालिकास्तरमा पालिकाको अस्पतालमा निःशुल्क उपचार सेवा र बिमा योजनामार्फत रु.१०००००। सम्मको औषधी उपचारमा छूट जस्ता कार्यक्रम हुदाहुदै पनि आर्थिक सहायता माग गर्नेले पेश गरेको निवेदनमा नगर प्रमुखको तोक आदेशबाट अन्य सामाजिक सहायता शिर्षकमा रु.३८९००००। विजियोजन भएकोमा रु.१००७४१६। रकम खर्च गरेको देखियो ।<br>यस अतिरिक्त विभिन्न वडाहरुद्धारा वडा सञ्चालन खर्चबाट धार्मिक, आर्थिक र विरामी जस्ता कार्यमा विभिन्न संघ संस्था र व्यक्तिलाई निवेदनको आधारमा सहायता वितरण गरेको पाइयो । आर्थिक सहायता वितरण गर्ने मापदण्ड, सिमा र कार्यविधी तयार गरी नियन्त्रित र व्यवस्थित तरिकाले तोकिएको सीमा भित्र वितरण गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ । साथै विकास निर्माणका लागि विनियोजित सरकारी रकमलाई नतिजामूलक कार्यमा खर्च गर्नुपर्नेमा वितरणमुखी कार्यमा खर्च गरेको उचित देखिएन। | |
| ६१ | | | **नर्म्सभन्दा बढी भुक्तानीः**<br>सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका,२०७५ पहिलो संशोधनको दफा ६ मा सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड उल्लेख छ । जसमा जिल्ला तथा स्थानीयस्तरको तालिम कार्यक्रमको संयोजक भत्ता १५ कार्यदिन सम्म प्रतिदिन रु.४००।- उल्लेख छ । २ दिने कृषि खेति तालिम को संयोजक श्री सुना लुइटेललाई २ दिनको रु.८००।- भुक्तानी दिनुपर्नेमा रु.१०००।- का दरले रु.२०००।- भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको कर बाहेकको रकम असुल गर्नुपर्ने रु. | १,०२० |
| ६२ | | | **सामाजिक सुरक्षा भत्ताः** | |
| ६२.१ | | | सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा २४ मा बैंक मार्फत भत्ता वितरण गर्दा भत्ता वितरणको लागि छनौट भएका बैंकले स्थानीय तहबाट प्रणाली मार्फत फर्वाड फिड बमोजिमको लाभग्राहीको विवरण प्राप्त गरि रकम प्राप्त गर्ना साथ सम्बन्धित लाभग्राहीको खातामा जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले सम्पुर्ण वडाको भत्ता वितरण गर्दा फर्वाड फिड मार्फत विवरण पठाएको देखिएन । सामाजिक सुरक्षा भत्ता वितरण गरि बैंकमा बाँकी रहेको रकमबाट छुट भएका लाभग्राहीहरुको भत्ता वितरणको लागि वडाहरुले बैंकलाई सिफारिस गरेको भन्ने जानकारी प्राप्त भएको । वडाले सिफारिस गरेको लाभग्राहीहरुको प्रमाणित विवरण प्राप्त नभएको । पालिकाले बैंकबाट लाभग्राहीको खातामा जम्मा भएको विवरण प्राप्त गरि हिसावफरफारक | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नगरेको हुनाले वडाले सिफारिस गरेका लाभग्राहीहरुलाई भुक्तानी भयो/भएन भन्ने यकिन गर्न सकिएन । VERSP-MIS प्रयोग गरेर भत्ता वितरण गर्नुपर्दछ र वडाको सिफारिसमा प्रणाली प्रयोग नगरि भत्ता वितरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । पालिकाले बैंकसँग हिसाब फर फारक गरि वडाले सिफारिस गरेका लाभग्राहीहरुको छुट भत्ता सम्बन्धमा कार्यविधि बमोजिम यकिन गरि भत्ता प्राप्त गर्न अयोग्य भएकोलाई वितरण गरिएको भएमा सम्बन्धित लाभग्राहीबाट असुल गर्नुपर्दछ । | |
| ६२.२ | | | गाउँपालिकाले यस आर्थिक वर्षको पहिलो र दोस्रो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता वितरण कार्य कार्यविधिमा भएको व्यवस्थानुसार Forward Feed र Reverse Feed तयार नगरि वडाले तयार गरि पठाएको अनुमानित भरपाई अनुसार बैंक निकासा गरेको पाइयो । कार्यविधिमा तोकिएको ढाँचामा बैंकले लाभग्राहीको भत्ता सम्बन्धित खातामा जम्मा गरेको त्रैमासिक विवररण पालिकालाई नियमित रुपमा उपलब्ध गराउनुपर्नेमा सो अनुसार बैंकबाट लिने गरेको पाईएन । बैंकले लाभग्राहीको खातामा रकम जम्मा गरेको विवरण प्राप्त गरेर हिसाबमिलान नगरि केवल बैंकबाट पठाइएको पत्रको आधारमा हिसाब फरफारक गर्ने गरेको देखियो । अनिवार्य रुपमा विवरण प्राप्त गरि रकम भिडान गरि हिसाबमिलान गर्नुपर्दछ । साथै एउटै बैंकको एउटै शाखाबाट एक भन्दा बढी वडाको भत्ता वितरण हुने गरेकोले एकै नामथर भएको लाभग्राहीको भत्ता दोहोरो भए नभएको एकिन गर्न सकिएन ।<br><br>**लाभग्राहीको अभिलेखः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरि स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरि अद्यावधिक गर्नुपर्दछ । पालिकाले सो प्रणालीमा लाभग्राहीको फोटो सहितको पुरा विवरण अभिलेख राखि अद्यावधिक गरेको देखिएन ।<br><br>**पारदर्शिता र जवाफदेहिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित नगरसभामा पेश गर्नुपर्ने र स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने उल्लेख छ । साथै स्थानीय | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तहको कार्यालयले लाभग्राहीको नाम, दर्ता, तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनुपर्नेमा सोको पालना गरेको पाइएन र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्नेमा सो बमोजिम वेभसाइटमा राखेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढंगबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन । कार्यविधिको पालना गरी भत्ता वितरणमा पारदर्शीता कायम गर्नुपर्दछ ।<br><br>**निस्कृय खाताः** कार्यविधिको दफा २३ र २४ मा बैंक मार्फत भत्ता वितरण गर्दा बैंकले स्थानीय तहबाट प्रणाली मार्फत फर्वाड फिड बमोजिमको लाभग्राहीको विवरण प्राप्त गर्ने र प्राप्त विवरणको आधारमा सम्बन्धित लाभग्राहीका नाममा निजको उपस्थिति विना शून्य मौज्दातमा वचत खाता खोल्नुपर्ने र यसरी खोलिएको खाता सम्बन्धित लाभग्राहीले आवश्यक कागजात पेश गरेपछि क्रियाशील हुने उल्लेख छ । साथै खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई दिनुपर्ने व्यवस्था रहेकोमा लेखापरीक्षणको क्रममा विवरण माग गर्दा वडा नं.१,३,४ र ५को सामाजिक सुरक्षा भत्ता वितरण गर्ने सेन्चुरी कमर्सियल बैंकमा २४२ वटा र वडा नं २ एक्सल डेभलपमेन्ट बैंकमा १० वटा निष्कृय तथा डमि खाता रहेको र वडा नं.६ र ७ को भत्ता वितरण गर्ने मेगा बैंक नेपाल लिमिटेडमा कुनै पनि निष्कृय तथा डमि खाता नभएको भन्ने विवरण प्राप्त भएकोमा निष्कृय तथा डमि खाता रहेको बैंकको खातामा भएको रकम उल्लेख नभएको । पालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम निष्कृय खाताका लाभग्राहीहरुमध्ये वास्तविक लाभग्राहीहरु सम्बन्धमा सम्बन्धित वडाबाट यकिन गरी लाभग्नाही नभएको अवस्थामा खातामा निस्कृय रहेको रकम नियमानुसार असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।<br><br>**एक आर्थिक वर्षमा एक पटक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरणः** कार्यविधिको दफा २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले बैंकबाट विवरण प्राप्त गरेेको देखिएन । कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी नियमानुसार कार्य गर्नुपर्दछ ।<br>**लगत कट्टा गर्नेः** कार्यविधिको दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनुपर्दछ । यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्दछ । यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । साथै सामाजिक सुरक्षा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा आ.व. २०७८।७९ मा लगत कट्टाको विवरण माग भएकोमा प्राप्त नभएको । लगत कट्टाको स्पष्ट अभिलेख प्राप्त नभएकोले लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छ/छैन भनि यकिन गर्न सकिएन । | |
| ६२.३ | | | सामाजिक सुरक्षा नियमावली,२०७६ पहिलो संसोधन को नियम ११ मा सामाजिक सुरक्षा भत्ता पाउन योग्य व्यक्तिले नियम ५ बमोजिम निवेदन दिए पछिको महिनादेखि सामाजिक सुरक्षा भत्ता पाउने उल्लेख छ । वडा नं २ को Reverse Feed अनुसार सामाजिक सुरक्षा भत्ता परिचयपत्र नं.२००८०७२२००७९४ पार्वती कोइरालाको खातामा तेस्रो र चौथो त्रैमासिकमा रु.१२०००।-का दरले रकम जम्मा भएको देखियो । वडा नं २ को छुट भनि बैंकमा जम्मा गर्न पठाएको वडाबाट प्राप्त लाभग्राहीहरुको भर्पाई परीक्षण गर्दा निजको जन्ममिति २००८।०७।२२ उल्लेख गरि ज्येष्ठ नागरिक भत्ता रु.१२०००।- को लागि सिफारिस गरेको देखिन्छ। जन्ममितिको आधारमा २०७८ मंसिरबाट मात्र ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्न योग्य देखिएकोले निजले दिएको निवेदन मिति, बैंकबाट लाभग्राहीको खातामा रकम जम्मा भए/नभएको एकिन गरि प्रमाण पेश गर्नुपर्ने र बढि भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु. | ४,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार ब्यक्तिलाई न्यूतम रोजगारी प्रत्याभुत गराउन एवम सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उदेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन रहेको छ ।प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अध्यावधिक गरेर,सुचिमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यबस्था रहेकोमा, कार्यालयले यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा पैनि सरसफाई तथा मर्मत, तटबन्धन निर्माण,नाला मर्मत तथा कल्भर्ट आयोजना लगायतका कार्यक्रम सन्चालन गरी यस वर्ष वडा नं.२,४,५,६,७ वडाका १३३ जनालाई रोजगारी उपलब्ध गराई रु.४५,०५,२१६।- खर्च गरेको छ । उक्त खर्च बाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भएतापनि कामको दिगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिदैन ।<br>प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिकाको दफा १८(४) मा रोजगार सेवा केन्द्रले पहिचान गरी सूचीकृत गरेको बेरोजगार व्यक्तिहरुलाई काममा खटाउनुपूर्व अनुसूची २ बमजिमको लाभग्राही परिचयपत्र वितरण गर्नुपर्नेमा सो गरेको देखिएन । कार्यविधिको दफा २० मा स्थानीय तहले बेरोजगार सूचिकरणको विवरण, श्रमिक समूहको हाजिरी विवरण, भुक्तानी प्राप्त गर्ने श्रमिकको नाम, प्राप्त रकम र खर्चको विवरणको सार्वजनिक परीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले सार्वजनिक परीक्षण गराएको देखिएन । | |
| ६४ | 66 | २०७८-१२-३ | **बढी दरमा भुक्तानीः**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिकाको दफा २७ मा श्रमिकको कामको वापतको पारिश्रमिक निर्धारण गर्दा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक वा स्थानीय तहमा भएको अदक्ष कामदारको ज्याला दररेटको असी प्रतिशतले कायम हुन आउने रकम मध्ये जुन बढी हुन्छ सोही दर कायम हुने उल्लेख छ । यस आर्थिक वर्षमा नेपाल सरकारले तोकेको न्यूनतम ज्यालादर रु.५७७।- रहेको र पालिकाको अदक्ष कामदारको ज्यालादर रु.६४०।- रहेको, ६४०।- को ८० प्रतिशत रु.५१२।- हुने हुनाले दर विश्लेषण गर्दा ज्यालादर रु.५७७।- का ले तयार गर्नुपर्ने देखिन्छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना अन्तर्गत रवि आ.वि. मर्मत सम्भार आयोजनामा स्कुलको वरिपरि सफा | २,६४६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गर्ने कामको लागत अनुमान तयार गर्दा श्रमिकको ज्याला दर रु.६४०।-राखि प्रति एकाई दर निर्धारण गरि भुक्तानी गरेको देखिएकोले फरक रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>आयोजनाको नाम</th><th>कामको प्रकृति</th><th>राखुपर्ने दर</th><th>राखेको दर</th><th>फरक दर</th><th>कामको परिमाण</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>रवि आ.वि. मर्मत सम्भार आयोजना</td><td>साइट सफा गर्ने काम(झारपात काट्ने रुख ढाल्ने र हटाउने काम) (प्रति व.मि.०.०६ परिमाणले दर विश्लेषण गरिएको )</td><td>३४.६२ प्रति व.मि.</td><td>३८.४० प्रति व.मि</td><td>३.७८ प्रति व.मि</td><td>७०० व.मि.</td><td>२,६४६।-</td></tr>
</table></td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>स्वीकृत नभएका आयोजनामा खर्चः<br>कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना(सञ्चालन तथा व्यवस्थापन) कार्यविधिको दफा ७ तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ३० र ३१ मा आयोजनाको तर्जुमा तथा स्वीकृतिमा यस कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने आयोजनाहरु स्थानीय तहको वार्षिक कार्यक्रममा समावेश गरी स्वीकृति भएको हुनुपर्ने उल्लेख छ ।दफा ४ (२) मा आयोजना छनौटको क्षेत्र उल्लेख छ । पालिकाले यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने आयोजनाहरु वार्षिक कार्यक्रममा समावेश गरि स्वीकृत गरेतापनि स्वीकृत आयोजना पूर्ण सञ्चालन नगरी अन्य कार्यमा र कार्यविधिले उल्लेख नगरेको क्षेत्रमा समेत यस कार्यक्रमबाट खर्च लेखेको देखियो । यस सम्बन्धमा वडाको सिफारिस अनुसार स्थानीय निर्देशक समिति मार्फत स्वीकृतिका लागि कार्यपालिकामा पेश गरि स्वीकृत गरेको नदेखिएकोले देहायबमोजिमका आयोजनामा गरेको खर्च रकम नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>भौचर नं र मिति</th><th>आयोजनाको नाम</th><th>खर्च रकम</th></tr>
<tr><td>१५६-२०७९।०३।२०</td><td>प्रहरी चौकि तेतरिया निर्माण</td><td>२,१९,२६०।-</td></tr>
<tr><td>४२-२०७८।१०।१६</td><td>चतरा नहर पुर्व कल्भर्ट आयोजना</td><td>१,२६,३६३।-</td></tr>
</table></td><td>५८६,२३२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१०१-२०७९।०२।०९</td><td>रन्धिरको घर देखि पश्चिम पैनी सम्म ढल निकास</td><td>६४,०४७।-</td></tr>
<tr><td>१७१-२०७९।०३।२३</td><td>जुडी पैनी मर्मत आयोजना</td><td>३६,३५१।-</td></tr>
<tr><td>१५६-२०७९।०३।२०</td><td>भङ्गाथान जाने बाटोमा तटबन्धन</td><td>२,१९,२६०।-</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५,८६,२३२।-</td></tr>
</table></td><td></td></tr>
<tr><td>६६</td><td>100</td><td>२०७९-१-२१</td><td>कार्यविधि विपरित कार्यक्षेत्रः<br>कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि,२०७७ को दफा ४(२) मा शिक्षा अन्तर्गत सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खाने पानीको धारा, खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार क्षेत्र भित्र पर्ने गरी आयोजना छनौट गर्नुपर्ने उल्लेख छ । पालिकाले विरेन्द्र आ.वि. मर्मत सम्भार आयोजना सञ्चालन गरि खर्च लेखेको श्रेस्ता परीक्षण गर्दा सो आयोजनाको नापि किताबमा ३ जनाले ६० दिन १० ओटा कोठा सरसफाई, वृक्षारोपण र दैनिक विरुवामा पानि पटाउने कार्य गरेको भनि नापजाँच गरेको देखिएकोले कार्यविधिमा उल्लेख नभएको कार्यक्षेत्रको कार्यक्रम सञ्चालन गरि भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको रु.</td><td>९८,६६७</td></tr>
<tr><td>६७</td><td></td><td></td><td>अन्य कार्यमा रकम खर्चः<br>कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि,२०७७ को दफा ६(१) मा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा मात्रै खर्च गर्नु पर्ने उल्लेख छ । पालिकाले देहायबमोजिको भौचर नं. बाट श्रमिकको ज्याला बाहेक अन्य कार्यको लागि समेत रकम खर्च गरेको देखिएकोले नियमसम्मत नदेखिएको रु.<table>
<tr><td>भौचर नं.</td><td>मिति</td><td>कार्यक्रमको नाम</td><td>खर्चको प्रयोजन</td><td>रकम</td></tr>
<tr><td>१२</td><td>२०७८।०७।१६</td><td>कामका लागि पारिश्रमिक अनुदान</td><td>स्टेशनरी तथा सूचना पाटि</td><td>२,२५०।-</td></tr>
</table></td><td>४१,७९०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१५</td><td>२०७८।०८।०८</td><td>कामका लागि पारिश्रमिक अनुदान</td><td>स्टेशनरी तथा सूचनापाटी</td><td>२,२५०।-</td></tr>
<tr><td>६७</td><td>२०७८।१२।०३</td><td>कामका लागि पारिश्रमिक अनुदान (युवा रुप)</td><td>स्टेशनरी</td><td>३७,२९०।-</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>४१,७९०।-</td></tr>
</table></td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>दोहोरो भुक्तानीः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले तेतरिया चौकमा प्रहरी चौकी निर्माण गर्न उपभोक्ता समितिसँग सम्झौतागरी रु.५३८२८५/- कार्य सम्पन्नको आधारमा रु.४९९०९७/- भुक्तानी दिएकोमा सोही योजनामा प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तर्गत अदक्ष श्रमिको रकम भुक्तानी दिई रु.८४८९०/- दोहोरो भुक्तानी दिएको देखियो। दोहोरो भुक्तानी दिएको रकम उपभोक्ता समितिबाट असुल गरी संचितकोष दाखिला गर्नुपर्ने रु.</td><td>८४,८९०</td></tr>
<tr><td>६९</td><td></td><td></td><td>स्थायी लेखा नम्बरः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराई निर्माण कार्य गराउनु पर्दा उपभोक्ता समिति वा लाभग्राही समुदायले आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर लिएको हुनुपर्ने उल्लेख छ ।कार्यालयले यस वर्ष विभन्न उपभोक्ता समिति मार्फत निर्माण कार्य गराई भुक्तानी दिएकोमा कुनैपनि उपभोक्ता समितिले स्थायी लेखानम्बर लिएको देखिएन । नियममा भएको व्यवस्था बमोजिम स्थायी लेखा नम्बर लिएका उपभोक्ता समितिसँग निर्माण कार्य गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>उपभोक्ता समितिबाट निर्माण कार्यः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउनेसम्बन्धी कार्यविधि रहेको छ । सोही नियममा जटील प्राविधिक पक्ष समावेश भएको कार्य उपभोक्ता समितिबाट गराउने सम्बन्धी व्यवस्था नरहेको तथा नियम ९७(१२) मा उपभोक्ता समितिबाट निर्माणकार्य सम्पन्न भएपछि सार्वजनिक सोको रेखदेख मर्मत संभार गर्ने जिम्मेवारीसमेत तोकी आयोजनाको</td><td>१०,८१४,१६४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने समेतको व्यवस्था छ । कार्यालयले निम्नानुसार जटील प्रकारका तथा उपभोक्तालाई हस्तान्तरण समेत गर्न नमिल्ने वडा कार्यालय, प्रहरी चौकी, बर्थिङ्ग सेन्टर लगायतका संरचना उपभोक्ता समिति मार्फत निर्माणगरी भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु. | |

| उपभोक्ता समितिको नाम | लागत अनुमान रकम | कार्यसम्पन्न रकम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| सडक पोल बत्ती जडान उ.स. वडा नं ३ | ८०८६५५/- | ६८२९६३/- | ६३४४३५/- | |
| वडा कार्यालय भवन मर्मत तथा रंगरोगन उ.स. | ७५६३९९/- | ७५२७२२/- | ६९६६९९/- | |
| तेतरिया चौकमा प्रहरी चौकी निर्माण उ.स. | २२०४५९१/- | २१४०३८०/- | १९८४५५७/- | |
| तेतरिया हेल्थपोष्टमा बर्थिङ सेन्टर निर्माण उ.स. | ५३९६३७/- | ५३९६३७/- | ४९८४७३/- | |
| श्री सरस्वती माध्यमिक विद्यालय, ग्रामथान २ | ७०२४९६६/- | ७०१७६९०/- | ७००००००/- | साढे दुई तल्लाको डिजाइन स्वीकृत भएकोले जटील संरचना भएको साथै एकमुष्ठ लागत अनुमान तयारगरी प्रतिस्पर्धाको माध्यमबाट खरिद नगरी यस वर्ष विनियोजित बजेटको आधारमा लागत अनुमान तयार तथा सम्झौता गरी कार्य गराएको । |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | | | जम्मा | १,०८,१४,१६४ | | | |
| ७१ | | | **परामर्श सेवा खरिदः**<br>सार्वजनिक खरिद ऐन, २०६३ को नियम २९.१ (क) मा सार्वजनिक निकायले उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र कुनै फर्मबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । कार्यालयले यस वर्ष निम्नानुसार डी.पी.आर.तयार वाह्य परामर्शदाताबाट गराएकोमा पालिकाको प्राविधिक जनशक्तिबाट उक्त कार्य गर्न नसकिने पुष्टि हुने आधार प्रमाण संलग्न राखेको देखिएन । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु र कार्यान्वयनमा गएको आयोजनाहरुको अभिलेख समेत राखेको देखिएन । कार्यालयको जनशक्तिबाट हुन नसक्ने कार्यकालागिमात्र परामर्श सेवा खरिद गर्ने साथै अध्ययन प्रतिवेदनको अभिलेख अद्यावधिक गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| | | | कार्य विवरण / परामर्शदाता / खर्च रकम / अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत | |
| | | | नगर यातायात मास्टर प्लान तयारी कार्य / डि.जी. इन्जिनियरिङ्ग कन्सल्टेन्सी / ९०२५३१/- / सडकको अवस्था मूल्याङ्कन गरेको। | |
| | | | रामजानकि पर्यटक पूर्वाधार डि.पि.आर. / प्रो डिजाइन इन्जिनियरिङ्ग कन्सल्टेन्सी / १४९१२६१/- / ५२२७९२०५/- | |
| | | | कोल्ड स्टोर डि.पि.आर. / ब्रदर्श कन्सल्टेन्सी / १०७८०२०/- / ५६२७७९१०/- | |
| ७२ | | | **फलामे डण्डीः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले प्राविधिक नापजाँचगरी नापी किताव (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा रनिङ विलको भुक्तानी गर्नुपर्ने उल्लेख छ । शहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको भवन निर्माण कार्यको नर्म्समा समेत वेस्टेज वापत भुक्तानी दिने उल्लेख भएको छैन । कार्यालयले निम्न निर्माण कार्यमा फलामे डण्डीको नापी गर्दा देहाय अनुसार वेस्टेज (क्षति) वापत भुक्तानी दिएको देखियो । नर्म्समा नभएको वेस्टेज वापत मूल्य अभिवृद्धि कर समेत भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु. | ११६,६५४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>ठेक्का नं.</th><th>भुक्तानी पाउनेको नाम</th><th>कामको विवरण</th><th>यस वर्षसम्म भुक्तानी दिएको परिमाण</th><th>वेस्टेज भुक्तानी परिमाण</th><th>दर</th><th>रकम (मू अ कर समेत)</th><th>कैफियत</th></tr>
<tr><td>२- ०७८/७९</td><td>ग्लोवल कन्स्ट्रक्सन सोलुसन</td><td>७ नं. वडा कार्यालय भवन</td><td>११५१९.१५</td><td>६५२.०३</td><td>१०९</td><td>८०३१०/-</td><td>६% वेस्टेज</td></tr>
<tr><td>३- ०७८/७९</td><td>बिलिभ ईन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा,लि.</td><td>५ नं. वडा कार्यालय भवन</td><td>३२१६.३२</td><td>३२१६.३२</td><td>१००</td><td>३२१६३/-</td><td>१०% वेस्टेज</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>११६६५४/-</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>
कार्यसम्पन्न प्रतिवेदनः<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा सार्वजनिक निकायका प्रमुखले निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गाराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने उल्लेख छ । कार्यालयले देहाय अनुसार निर्माण सामग्री खरिदगरी रु.१२,५६,२२१/- भुक्तानी खर्च लेखेकोमा उक्त प्रयोग भएको देखिने प्राविधक नापजाँच तथा कार्य सम्पन्न प्रतिवेदन संलग्न छैन । खरिद गरेको सामान वितरण भरपाईको आधारमा खर्च जनाएकोले प्रयोग भएको सम्बन्धमा प्राविधिक पुष्ट्याई समेत कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ रु.
<table>
<tr><th>गो.भौ. नं./ मिति</th><th>खरिद विवरण</th><th>परिमाण</th><th>भुक्तानी खर्च रकम</th></tr>
<tr><td>१०८- ०७८/११/३०</td><td>ह्युमपाईप खरिद</td><td>४६ थान</td><td>४७५६१७/-</td></tr>
<tr><td>१२९- ०७८/१२/०९</td><td>ह्युमपाईप खरिद</td><td>२७ थान</td><td>४८२२८४/-</td></tr>
<tr><td>१६१- ०७८/१२/२३</td><td>ह्युमपाईप खरिद</td><td>१६ थान</td><td>२९८३२०/-</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१२५६२२१/-</td></tr>
</table>
</td><td>१,२५६,२२१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४ | | | **उपभोक्ता समितिः**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिएबमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु १ करोडसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । कार्यालयले यो वर्ष विभिन्न निर्माण कार्य उपभोक्ता समितिहरु मार्फत गराई भुक्तानी दिएको छ । उपभोक्ता समितिबाट संचालन गरिएका कार्यको गुणस्तर परीक्षण नहुने, निर्माण कार्यमा प्रतिस्पर्धा नहुने भएकोले गुणस्तरीयता र दिगोपनामा अभिवृद्धि हुने देखिदैन। प्रतिस्पर्धाको माध्यमबाट गुणस्तरीय निर्माण कार्य गराउन ध्यान दिनुपर्दछ । | |
| ७५ | | | **वितरण भरपाईः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिका अन्तर्गतको स्वास्थ्य संस्थामा गर्भजाँचको लागि आउने गर्भवतिहरुलाई निशुल्क रुपमा वितरण गर्न प्रति थान रु.७००/- को दरले ६३० थान झुल खरिदगरी रु.४९८३३०/- भुक्तानी खर्च गरेकोमा लेखापरीक्षण अवधिसम्म ४०० थान झुलमात्र वितरण भएको प्रमाण पेश हुन आएकोले बाँकी रु.१६१०००/- रकमको २३० थान झुल वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु. | १६१,००० |
| ७६ | | | **अन्य निकाय खर्चः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममामात्र खर्च गर्न पाइने उल्लेख छ । कार्यालयले छुटै अस्तित्व र बजेट व्यवस्था भएको देहायका कार्यालयहरुको निम्न कार्यमा भुक्तानी गरेको छ। यसरी अन्य कार्यालयको प्रयोजनमा खर्च गर्दा गाउँपालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने, कार्यालयले प्रदान गर्ने सेवाप्रवाहमा असर पर्ने हुँदा यस प्रकारको खर्चमा नियन्त्रण गर्नु पर्दछ रु. | ५९७,२७३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>सि. नं</td><td>कार्यालयको नाम</td><td>खर्च विवरण</td><td>रकम</td></tr>
<tr><td>१</td><td>ईलाका प्रहरी कार्यालय हरैचा</td><td>गाडी स्टेण्ड निर्माण</td><td>१९८३१२/-</td></tr>
<tr><td>२</td><td>मोतिपुर प्रहरी चौकी</td><td>कम्पाउण्ड वाल निर्माण</td><td>१९९४७४/-</td></tr>
<tr><td>३</td><td>झोराहाट प्रहरी चौकी</td><td>चौकी मर्मत</td><td>१०००००/-</td></tr>
<tr><td>४</td><td>मोतिपुर प्रहरी चौकी</td><td>ग्रिल तथा अधुरो कम्पाउण्ड निर्माण</td><td>९९४८७/-</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>५९७२७३/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>७७</td><td></td><td></td><td>विद्यालय फर्निचरः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले श्री ग्राम कालिका आधारभुत विद्यालयलाई आवश्यक १० सेट डेक्सबेन्च र १ थान रिभलभिङ कुर्सि खरिद गरि रु.१४९९५१/- भुक्तानी दिएकोमा खरिद भएका फर्निचर विद्यालयले प्राप्तगरी जिन्सिखातामा आम्दानि बाँधेको देखिएन । विद्यालयलाई हस्तान्तरण गरेको फर्निचर विद्यालय जिन्सि खातामा आम्दानि बाँधेको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१४९,९५१</td></tr>
<tr><td>७८</td><td></td><td></td><td>सडक बत्तिः<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा खरिद गरिने मालसामान समद्ध वस्तुगत प्राविधिक तथा गुणस्तरजन्य विशेषताको आधारमा सार्वजनिक निकायले खरिद गर्नु अघि त्यस सम्बन्धि स्पेसिफिकेसन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले वडा नं. २ को स्वीकृत कार्यक्रम अन्तर्गत ८६ सेट सडकबत्ति सेट खरिद गरि रु.४९६२२५/- भुक्तानी गरेकोमा सडक बत्ति र सोको जडान सामग्रि लगायतको स्पेसिफिकेसन, गुणस्तर जन्य विशेषता, वारेन्टी सम्बन्धि विवरण लगायत तयार नगरि सोझै एक फर्मबाट प्रतिसेट रु.५७७०/- का दरले खरिदगरी भुक्तानी दिएको देखियो । सडक बत्तिको</td><td>४९६,२२५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्पेसिफिकेसन, वारेन्टी, जडान पश्चातको मर्मत सुविधा, खपतहुने विजुलिको विल भुक्तानी सम्बन्धि कार्यविधि लगायत विषय यकिन नगरी खरिद तथा भुक्तानी दिएकोले सो विषय स्पष्टगरि नियमित गर्नुपर्ने रु. | |
| ७९ | | | **वितरण भरपाईः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले पालिकाभित्रका किसानहरुलाई निशुल्क वितरण गर्न १८५० किलो जौं घाँसको विउ खरिद गरी रु.२०००००/- भुक्तानी खर्च गरेकोमा खरिद गरेको विउ सम्बन्धित किसानले बुझेको भरपाई संलग्न नराखि निम्नानुसार वडा अध्यक्ष तथा वडा सचिवहरुले बुझेको देखियो । खरिद भएको विउको सम्बन्धमा सम्बन्धित किसानको माँग र किसानले बुझेको भरपाई पेश गर्नुपर्ने रु. | २००,००० |

| वडा नं. | बुझिलिनेको नाम | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | वडा अध्यक्ष नमो नारायण माझी | ७ बोरा | प्रति बोरा ३० किलो । |
| २ | वडा अध्यक्ष कृष्ण कुमार माझी | ७ बोरा | |
| ३ | वडा सचिव विश्वमणी न्यौपाने | ७ बोरा | |
| ४ | वडा सचिव तुलाराम माझी | ४ बोरा | |
| ५ | वडा अध्यक्ष खड्ग नारायण खाँ | ५ बोरा | |
| ६ | वडा सचिव पुष्पा सुवेदी | ६ बोरा | |
| ६ | कर्मचारी पाचीदेवी खवास | २ बोरा | |
| पशुपंछी शाखा | | ६ बोरा | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८०</td><td></td><td></td><td>
अनुगमन तथा सम्परीक्षणः<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाले विगत वर्षहरुका निम्न बेरुजु संपरीक्षण तथा फर्स्यौट गरी लगत कट्टाको लागि अनुरोध गरेकोमा अनुगमन गर्दा लगत कट्टा गर्न मनासिब देखिएको छ । पालिकाले लेखापरीक्षणको सम्बन्धमा फर्स्यौट र फरफारक भएको तथा बाँकी रहेको बेरुजुको अभिलेख अद्यावधिक बनाउनु पर्दछ ।
<table>
<tr><th rowspan="2">आ.व.</th><th rowspan="2">वेरुजु दफा नं.</th><th rowspan="2">वेरुजुको संक्षिप्त व्यहोरा</th><th colspan="4">फछ्र्यौटको आधार</th><th>सम्परीक्षण</th></tr>
<tr><th>असुल गरि प्रमाण पेश</th><th>प्रमाण</th><th>नियमित</th><th>पेश्की</th><th></th></tr>
<tr><td>२०७५/७६</td><td>२२</td><td>धानको विउ खरिदको लागि जनप्रतिनिधि विराटनगर गइ दैनिक भ्रमण भत्ता बुझेको श्री खड्ग नारायण खाँ थारु</td><td>असुल गरि प्रमाण पेश</td><td></td><td></td><td></td><td>३९००</td></tr>
<tr><td></td><td>२३</td><td>पदाधिकारी अनुगमन भत्ता</td><td>असुल गरि प्रमाण पेश</td><td></td><td></td><td></td><td>६९१००</td></tr>
<tr><td></td><td></td><td>श्री नानी मैया विश्वकर्मा रु.८५०।-</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>श्री सवद नारायण चौधरी रु.३००००।-</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>श्री नमो नारायण चौधरी रु.४०००।-</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>श्री शिव नारायण माझी रु.२४५५०।-</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | श्री फुल कुमारी चौधरी रु.१९८७५।- | | | | | |
| | | श्री ओम नारायण खाँ रु.४८५०।- | | | | | |
| | | श्री खड्ग नारायण खाँ रु.५१२५।- | | | | | |
| | | श्री बैजनाथ विश्वास रु.३०००।- | | | | | |
| | | श्री रमेश कुमार माझी रु.३०००।- | | | | | |
| | | श्री रेणुका वास्तोला रु.८५० | | | | | |
| | ४१ | पदाधिकारी अनुगमन भत्ता | असुल गरि प्रमाण पेश | | | | ८५०० |
| | ५३ | अनुगमन प्रतिवेदन पेश नगरि अनुगमन भत्ता बुझेको | असुल गरि प्रमाण पेश | | | | ७००० |
| | ६७ | प्रतिवेदन वापतको रकम बढी भुक्तानी | असुल गरि प्रमाण पेश | | | | ३००० |
| २०७६/७७ | ६० | अनिल कुमार खाँ पेश्की बाँकी | | | | फस्योंट गरि प्रमाण पेश | १२०००० |
| | ७०.३ | निजी सवारी साधन मर्मतमा गरेको खर्च रकम श्री सत्य नारायण माझी | असुल गरि प्रमाण पेश | | | | ५००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ७०.४ | संलग्न विल भरपाई भन्दा बढी भुक्तानी श्री बैजनाथ विश्वास | असुल गरि प्रमाण पेश | | | | ५०० |
| | ७०.५ | निजी सवारी साधन मर्मतमा गरेको खर्च रकम श्री सत्य नारायण माझी | असुल गरि प्रमाण पेश | | | | ४६७५ |
| | ७०.७ | संलग्न विल भरपाई भन्दा बढी भुक्तानी श्री बैजनाथ विश्वास | असुल गरि प्रमाण पेश | | | | २८०० |
| २०७७/७८ | ६८.२ | कार्यालय भवनको दोस्रो तला थप Brick masonry सम्बन्धी कार्य गरेको नदेखिएको | असुल गरि प्रमाण पेश | | | | ५०२०० |
| | ६८.३ | Wall मा Tile लगाएको स्थानमा Double coat paint | असुल गरि प्रमाण पेश | | | | १२९०० |
| | ६८.४ | निर्माण कार्यको बढी भुक्तानी | असुल गरि प्रमाण पेश | | | | २०३३५८ |
| | ७८ | समपुरक अनुदान कम लागत साझेदारी | | प्रमाण पेश | | | २८१२४७६।८८ |
| | | जम्मा | | | | | ३३०३४०९।८८ |